NEPAL'S FIRST VET MAGAZINE

HEALTHY ANIMALS, WEALTHY FARMERS

# VET TIMES

## भेट टाइम्स मासिक

MONTHLY

VOL.9 | ISSUE 2 | Sept./Oct. 2021 (असोज २०७८)

WWW.VETKHABAR.COM

Price Rs. 100/-



# दशैं विशेष

# Bhat-Bhateni International Pvt. Ltd.

Cha-1-580, Bhat-Bhateni, P.O.Box No. 320, Kathmandu, Nepal

Tel: 00977-1-4443604/4443605 Fax: 00977-1-4443603 E-mail: bbi@mail.com.np, bbivet49@gmail.com

KEPRO



VMD Livestock pharma

## बडा दशैं, तिहार तथा छठ पर्व २०७८ सालको

### पावन अवसरमा यहाँहरुको सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

**युवराज गुरुङ्ग**

प्रबन्ध निर्देशक

भाटभटेनी ईन्टरनेशनल प्रा. लि. परिवार



# अंकका आकर्षण



पृष्ठ ९

"काठमाडौं बसेर दाङको सिफारिस गर्नु अनैतिक हो"



१६

सहुलियतमा अण्डा उपभोग गर्ने वातावरण बनाइरहेका छौं



पृष्ठ १५

कथा सफलताको



पृष्ठ २३

काठमाडौंको बजार किसानको पहुँचमा छैन

जि.प्र.का. काठमाडौं
स्थायी द.नं. ३६६/०६८/०६९
पुतलिसडक, काठमाडौं

**फोन**
०१-४७७०८७७, ९८५१०५४८६८

**इमेल**
vettimesnpl@gmail.com

**वेवसाइट**
www.vetkhabar.com

**भेट टाइम्स मिडिया प्रा. लि. द्वारा प्रकाशित**
भेट टाइम्स मासिकका लागि

**प्रमुख कार्यकारी अधिकृत**
राजन प्रसाईं

**कानूनी सल्लाहकार**
स्वागत नेपाल
विकास भट्टराई

**प्रधान सम्पादक**
विष्णु पाण्डेय

**सम्पादक**
सुनीता पोखरेल

**डिजाइन तथा लेआउट**
फाइन टच
शिखर लामिछाने
मो. नं. ९८४३७०८६१२

**मुद्रण**
यूनाइटेड मल्टि प्रिन्टर्स प्रा. लि.
हातीवन,ललितपुर
०१-५९००९१७, ५९००११८

*सम्पादकीय*

# स्वस्थ मासु उपभोग गर्न पाउने अधिकार सुरक्षित गर

विजयादशमी २०७८ नेपालीको घरआँगनमा नजिकिँदैछ । गत वर्ष कोभिड-१९ महामारीका कारण दशैं ठप्प भए पनि यस वर्ष अवस्था सहज भएकाले नेपालीहरू दशैंलाई खुसीयालीपूर्वक मनाउने मुद्रामा छन् । तथापि, विभिन्न प्राकृतिक प्रकोप, कोभिड-१९, भवितव्यलगायत विविध कारणले आफन्त गुमाएर सन्तापमा परेका परिवारमा यस वर्ष पनि दशैंको उत्साह छैन ।

दशैंको मुख्य पक्ष भनेको पारिवारिक भेटघाट नै हो । रोजगारीका लागि विदेशिने प्रवृत्तिमा बढोत्तरीका कारण यो पर्व पुनर्मिलनको गतिलो माध्यमसमेत बन्दैछ, केही वर्षदेखि । दशैंमा मान्यजनको हातबाट जमरा, टीका र आशिर्वाद प्राप्त गर्नु जति महत्वपूर्ण छ त्यो भन्दा कम विशिष्ठ छैन दशैं विशेष खानपिनको पक्ष पनि । दशैंमा मासुको खपतको आम बृद्धिका कारण मात्र होइन यस समयमा परिकारको विविधता, प्रशोधनको प्रक्रिया र भण्डारणको तरिका समेतका कारण यस पक्षमा राज्यले लिएका नीतिलाई जोडेर विश्लेषण हुनु जरुरी छ ।

दशैंमा मासुका लागि सबैभन्दा खसी, च्यांग्रा, भेडा, राँगा-भैंसी, कुखुरा, हाँस र सुँगुरको सबैभन्दा बढी खपत हुने गरेको छ । व्यावसायिक पालन थालिएकाले बँदेल र कालिजको मासु उपभोग गर्ने क्रम पनि बढेको छ ।

मासुका लागि प्रयोग गरिने पशुपन्छीका आ-आफ्नै विशेषता हुन्छन् । तिनको मासुबाट पाइने तत्व र स्वाद फरक फरक हुन्छन् । त्यसैले उपभोक्ताले आ-आफ्नो रुचि र चाहना अनुसार मासुका लागि पशुपन्छी छनौट गर्छन् । तर, त्यसरी उपभोग गर्ने पशुमा सम्झौता गर्नै नहुने कुरा हो, स्वच्छ र स्वस्थता । हामीले खाने मासु पशु अस्वस्थ र रोगी भएको अवस्थामा उसको रोग हाम्रो शरीरमा पनि प्रवेश गर्ने खतरा रहेकाले यसमा चनाखो हुनैपर्छ ।

यही गम्भीरतावोध गरेर राज्यले विभिन्न नीति-नियम बनाएको छ । पशुचिकित्सकले स्वस्थ रहेको प्रमाणित गरेपछि मात्रै बजारमा बिक्री गर्न पाइने ऐनको व्यवस्था छ । तर, यो औपचारिकतामा मात्र सीमित छ । मासुका लागि पशुपन्छी बिक्री गर्न स्वच्छताको प्रमाणपत्र अनिवार्य गरेको सरकार त्यस्तो प्रमाणित गर्ने डाक्टरको प्रबन्ध गर्नेबारे भने उदासीन छ । अर्थात् स्वैरकल्पनामा राज्य र सरकार रमाइरहेका छन् । जिल्लामा सीमित मात्रामा हुने पशुचिकित्सकले गाउँगाउँमा छरिएर बसेका किसानका पशु जाँच गर्नसक्ने अवस्था अहिले छैन । प्रमाणित गरेकाले पनि जाँच गरेर नभई हचुवाको भरमा स्वच्छताको प्रमाणपत्र दिने गरेका छन् । कतिसम्म भने काठमाडौंमा बसेकाले दाङको सिफारिस बिनाहिच्किचाहट दिइरहेका छन् । त्यसैले कार्यान्वयन हुनैपर्ने अत्यावश्यक र गम्भीर प्रकृतिको यो नियमको एकातिर हुर्मत लिने काम भइरहेको छ भने अर्कातिर कागजको खोस्टोसरह पारिएको छ । भनाइ नै छ, रोग लागेपछि उपचार गर्नुभन्दा लाग्न नदिनु नै बुद्धिमानी हो । सचेतनाको कमी भएका नागरिकका हकमा स्वीकार्य मान्न सकिए पनि राज्यलाई आफ्ना नागरिक रोगी बनाउने छुट कदापि हुन सक्तैन । उपभोक्ताको स्वच्छ मासु उपभोग गर्ने अधिकार सुनिश्चित गर्न सरकारले शिघ्रातिशिघ्र स्रोत, साधन, जनशक्ति र प्रविधिको प्रबन्ध गर्न अपरिहार्य छ ।

माथि भनिएजस्तै उपभोक्ताको भान्छामा स्वस्थ मासु पाक्ने प्रबन्ध मिलाउन केही समय लाग्न सक्छ । तर असम्भव छँदैछैन । सुव्यवस्थित गर्न समय लाग्ने बहाना बनाएर जनताको स्वास्थ्यविरुद्ध खेलबाड गर्ने अधिकार कसैलाई छैन । हामीले विकसित देशको अनुभव पनि ग्रहण गर्न सक्छौं । त्यसैले पशुपन्छीको ठूला-साना सबैखाले बजार नाकामा चेकपोस्ट खडा गरेर तत्काल पशुचिकित्सकबाट स्वास्थ्य जाँचको प्रबन्ध गरिनुपर्छ ।

स्वस्थ र स्वस्छ मासुको सम्बन्धमा समस्या जति जटिल छ उत्तिकै पेचिलो पनि छ यसको बजार । पशुपन्छीको मासु खरिद गर्दा उपभोक्ता पलपल ठगिनुपर्ने अवस्था अहिले छ ।

किसानले निकै मिहिनतपूर्वक हुर्काएका हुन्छन्, पशुपन्छी । तर अहिलेसम्म किसानले आफ्नो उत्पादनको उचित मूल्य पाइरहेका छैनन् । बिचौलियाले अनेक बहानाबाजी गरेर किसानसँग ती पशुपन्छी कौडीको भाउमा खरिद गर्ने गरेको तथ्य घाम जत्तिकै छर्लंग छ । अझै उदेकको कुरा त के छ भने व्यापारीले सस्तोमा किसानसँग खरिद गरेको त्यही पशुपन्छीको मासु उपभोक्ताले निकै गुणा महँगो तिरेर किन्नुपर्छ । यो अहिलेको होइन, वर्षौंदेखिको नेपाली बजारको समस्या हो । तर यसतर्फ कहिल्यै राज्यको ध्यान गएन । किसानको मत लिएर जितेका राजनीतिक दललाई पनि किसानको मर्मले कहिल्यै छोएन । विजयादशमी २०७८ ले राज्य, सरकार, राजनीतिक दल र सरोकारवालामा किसानको भलो भए मात्र देश, समाज र राष्ट्रको भलाइ हुनसक्छ भन्ने सत्‌बुद्धि अेदोस्, हाम्रो शुभेच्छा छ ।

अन्त्यमा, विजयादशमी २०७८ को अवसर हाम्रा पाठक, विज्ञापनदाता, लेखक, शुभेच्छुकलगायत सबै सबैमा भेट टाइम्स परिवार सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ । अस्तु ।

VET TIMES MONTHLY

# दशैं र मासु

राजन प्रसाई



काठमाडौं । दशैं मीठो मसिनो खाएर मनाइने पर्व हो । त्यसैले अन्य समयको तुलनामा दशैंमा मासुको खपत अत्यधिक हुने गरेको छ । मासुको खपत बढ्ने भएकाले यतिबेला व्यवसायी, व्यापारी चटारोमा छन् ।

नेपालमा वार्षिक ५ लाख ४९ हजार ३ सय ३२ मेट्रिक टन मासु खपत हुने पशु सेवा विभागको तथ्यांक छ । जसमा अधिकांश हिस्सा स्वदेशी उत्पादनले ओगटेको छ । पशु सेवा विभागका अनुसार, ५ लाख ४८ हजार ९ सय ३४ मेट्रिक टन मासु स्वदेशमा उत्पादन भइरहेको छ । कुखुरामा नेपाल आत्मनिर्भर भइसके पनि ३९८ मेट्रिक टन खसीबोका, राँगाको मासु भारतबाट ल्याउने गरिएको छ ।

## दशैंमा ह्वात्तै बढ्छ खपत

नेपालमा वार्षिक लगभग एक करोड २८ लाख १२ हजार खसीबोका उत्पादन हुने तथ्यांक छ । उत्पादित यी सबै खसीबोका मासुका लागि तयार हुँदैनन् । यसमध्ये ४५ लाख खसीबोका मात्र मासुका लागि योग्य हुने पशु सेवा विभागको भनाइ छ ।

विभागका अनुसार, काठमाडौंमा मात्रै दैनिक करिब १ हजार २ सयको हाराहारीमा खसीबोका खपत हुने गरेका छन् । दशैंमा यो क्रममा गियर लाग्ने र खपत दर आकासिने हुन्छ । ३० देखि ५० हजारको हाराहारीमा खसीबोका दशैंमा खपत हुने विभागको आकलन छ ।

कुखुरा र खसीबोकाको मासु खपतमा भने ठीक उल्टो प्रवृत्ति देखिन्छ । दशैंबाहेकका समयमा कुखुराको मासु धेरै खपत भए पनि खसीबोकाको कम हुन्छ । तर दशैंमा भने खसीबोकाको माग सबैभन्दा धेरै हुने गरेको छ । होटल, रेष्टुराँलगायत बन्द हुनु र दशैंमा खसीबोकाकै मासु खानुपर्छ भन्ने उपभोक्ताको परम्परागत मानसिकताले हिन्दूधर्मालम्बीको महान् चाडमा कुखुराको खपत घट्ने कुखुरा व्यवसायी संघका अध्यक्ष जंगबहादुर बेल्बासेको ठहर छ । 'कुखुराको मासु धेरै खपत हुने क्षेत्र दशैंमा बन्द हुनु एउटा कारण हो,' बेल्बासे भन्छन्, 'अर्को कारणचाहिँ दशैंमा खसीकै मासु खानुपर्छ भन्ने परम्परागत सोचाइ पनि हो ।'

**मासुको उत्पादन र खपत दुवै बढे पनि उपभोक्ताको भान्छामा स्वस्थ मासु पाक्ने प्रबन्ध गर्न राज्यका निकायहरू चुक्दै आइरहेका छन्**

## छैन व्यवस्थित बजार

सुलभ मूल्यमा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो । तर यसतर्फ राज्यको ध्यान नजाँदा पशुचौपायको बजार अस्तव्यस्त छ ।

पशुचौपाय बिक्री वितरणमा बिचौलिया हाबी हुँदा किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाउने र उपभोक्ताले पनि निकै महँगोमा खरिद गर्नुपर्ने अवस्था छ । सरकारले बजार व्यवस्थित नगर्दा समस्या बढेको उपभोक्ता अधिकारकर्मीहरू बताउँछन् ।

पशुचौपायको खरिद बिक्रीले मुलुकको अर्थतन्त्रलाई टेवा पुऱ्याउँदै आए पनि मूल्य तोक्ने सामान्य कामसमेत गरेको छैन । सरकारले पशुपन्छीको मूल्यसम्बन्धी मापदण्ड नबनाउँदा किसान र उपभोक्तामाथि बिचौलियाको ज्यादति बढिरहेको छ ।

## खाद्यको खसीबोकाले लाग्दैन 'छोप'

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दशैंलक्षित खसीबोका बिक्री वितरण योजना सञ्चालन गर्दै आइरहेको छ ।

खसीबोका, च्यांग्रा आयात गरेर यस वर्ष पनि खाद्यले उपभोक्तालाई बेच्दैछ । खाद्यकी सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीका अनुसार, यस वर्ष दुई हजार खसीबोका र च्यांग्रा बिक्री गर्ने तयारी छ । गत वर्ष खाद्यले १ हजार ५ सय १० वटा खसीबोका बिक्री गरेको थियो । उनका अनुसार, घटस्थापनादेखि बिक्री खुला हुँदैछ । खसीबोका लामो समय राख्न नसकिने भएकाले अघिल्लो दिन ल्याएर भोलिपल्ट बिक्री गर्न लागिएको हो ।

खाद्यले बिक्री गर्न लागेको खसीबोका र च्यांग्राले काठमाडौंलाई छोप पनि लाग्दैन । जबकि, काठमाडौं उपत्यकामा दशैंको बेला दैनिक ३८ हजार खसीबोकाको माग हुन्छ ।

खाद्यले मागअनुसारको खसीबोका प्रबन्ध गर्न नसके पनि बाख्रा किसान तथा व्यापारी उपभोक्तालाई मासु अभाव हुन नदिन सक्रिय छन् । बाख्रापालक उत्पादक महासंघले दशैंमा मासुको अभाव हुन नदिने जनाएको छ । महासंघका अनुसार, दशैंमा ५१ हजार हाराहारीमा खसीबोका उपलब्ध गराउने योजना छ ।

## किसानको पहुँचमा छैन बजार

आफ्नो उत्पादन बजारमा लगेर बिक्री गर्न पाउनु हरेकको नैसर्गिक अधिकार हो । विकसित देशहरूमा नागरिकलाई बजारसम्म आफ्नो उत्पादन बिक्री गर्न सहजीकरण गरिएको हुन्छ ।

तर नेपालको अवस्था टीठलाग्दो छ । आफूले उत्पादन गरेको पशुचौपाय बजारमा आफैं लगेर कुनै किसानले बिक्री गर्ने अवस्था नै छैन । जताततै अवरोध नै अवरोध छन् ।

चौपाया खरिद बिक्री व्यवसायी संघका पूर्वअध्यक्ष गोविन्द पाठक पशुचौपायको नेपाली बजार किसानको पहुँचभन्दा निकै बाहिर रहेको

सूचनाः– भेट टाइम्स मासिक २०७८ श्रावण अंकमा वर्ष ९ अंक १ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।–सम्पादक

बताउँछन् । पाठकका अनुसार, किसान बजारमा पुग्नै नसक्ने गरी नीति नियम बनाइएको छ । 'मुलुकमा पञ्चायत ढलेर प्रजातन्त्र र राजा हटेर गणतन्त्र आएको पनि वर्षौं भइसक्यो । तर पशुचौपाया ढुवानी गर्दा भने हामीले सामन्ती रवैया झेल्नु परिराखेको छ । ठूलाले सानालाई हेप्ने प्रवृत्तिबाट हामी आजित छौं ,' पाठकको दुखेसो छ । पाठकका अनुसार, पशुपन्छी ढुवानीका लागि अहिले बनाइएका मापदण्ड यसमा जिम्मेवार छ । यही अव्यवहारिक मापदण्डका कारण बजार धमिलिएको उनी बताउँछन् । 'नेपालमा कतिपय यस्ता ठाउँ छन् जहाँ जिल्ला सदरमुकाम जानुभन्दा काठमाडौं आउन नजिक हुन्छ । प्रमाणपत्र लिनकै लागि दिनभर धाएर सदरमुकाम जानुपर्छ । त्यही पनि चिकित्सक नभेटिनेलगायत अनेक समस्या हुन्छ,' पाठक भन्छन्, 'भेटेरिनरी चिकित्सकको सिफारिस लिएर मात्र पशुचौपाया ढुवानी गर्ने नियम बसालेपछि चिकित्सक पनि सहज ढंगले उपलब्ध गराउनु पर्‍यो नि । चिकित्सकको प्रमाणपत्र लिनै नसक्ने अवस्था सिर्जना आफू गर्ने अनि किसानलाई मात्र एकोहोरो नियम पालना गर भनेर हुन्छ ?' यसबाहेक बिक्री गर्न लागिएका पशु अनलाइन इन्ट्री गर्नुपर्नेलगायत झन् कसिला प्रावधानले किसानलाई समस्यामा पारेको उनी सुनाउँछन् ।



## स्वच्छतामा उदासीनता

उपभोक्ताले उपभोग गर्ने मासु स्वच्छ र स्वस्थ हुनुपर्छ । यदि यसमा सम्झौता गर्ने हो भने अनेक किसिमका रोग मानिसको स्वास्थ्यमा प्रवेश गरेर समस्या निम्त्याउँछ ।

पशुपन्छीको रोग मानव स्वास्थ्यमा पसेर समस्या निम्त्याउने भएकाले पछिल्लो समय वन हेल्थको अवधारणा आएको छ । पशुस्वास्थ्यविद् र चिकित्सकले यसमा जोड दिँदै आएका छन् ।

उपभोक्तालाई स्वस्थ र स्वच्छ मासु खुवाउनेतर्फ भने राज्यको ध्यान गएको देखिँदैन । मासुका लागि बिक्री वितरण हुने पशुपन्छी स्वस्थ भए नभएको परीक्षण गरेर मात्र बिक्री वितरण गर्नुपर्ने नियम भए पनि त्यसको पालना नगरी बजारमा पठाइने गरेको छ । कारण, उपभोक्ताहरू अहिले अस्वस्थकर मासु खान बाध्य छन् ।

हुनलाई स्वस्छ र स्वस्थ मासु उपभोगका निम्ति नीति नियम नबनाइएका होइनन् । मासुका लागि कुनै पनि पशुपन्छी बिक्री वितरण गर्नुपूर्व पशु चिकित्सकबाट स्वच्छताको प्रमाणपत्र लिनुपर्ने प्रावधान छ । कानून कार्यान्वयन निम्ति सरकारले हरेक गाउँटोल र नाकामा पशु चिकित्सकको प्रबन्ध गर्नुपर्ने हो । तर यसतर्फ सरकारको ध्यान पुगेको पाइँदैन । यही कारण अहिले काठमाडौंका चिकित्सकले दाङ र नुवाकोटमा प्रमाणपत्र दिने विकृति देखिएका छन् ।

देशका विभिन्न भागमा पशुपन्छी चेकपोस्ट र क्वारेन्टाइन खडा गरिएका छन् । तर तिनीहरूले स्रोत, साधन र जनशक्तिको चर्को अभाव झेलिरहेका छन् । यही कारण यी निकायले अवधारणाअनुसार गति पक्डिन सकेका छैनन् ।

यति मात्रै होइन, पशुबधशालाको अवस्था पनि उस्तै लथिभद्र छन् । मापदण्डअनुसार पशुबधशाला सञ्चालन नहुँदा उपभोक्ताले मासुसँगै रोगसमेत खरिद गर्नुपर्ने बिडम्वडापूर्ण अवस्था अहिले छ । राज्यले यसतर्फ करोडौं लगानी गरे पनि यसतर्फ ठोस प्रगति भएको छैन । राज्यले यस्ता गम्भीर विषयमा चासो राखेर स्वच्छ र स्वस्थ मासु उपभोग गर्ने उपभोक्ताको अधिकार सुनिश्चित गर्न अब ढिला गर्न हुँदैन ।

## कसरी छान्ने स्वस्थ खसी

मानव शरीरमा किटाणूको सबैभन्दा छिटो आक्रमण मासुकै कारण हुन्छ । त्यसैले दशैंको मासु उपभोक्ताका लागि स्वस्थकर हुनु जरुरी छ । मासुलाई गोठदेखि ओठसम्म पनि भन्ने गरिन्छ । गोठबाट विभिन्न प्रक्रिया हुँदै ओठसम्म आइपुग्दा यसको दूषित मात्रा कम हुनु जरुरी छ ।

किसानले गोठमा पालेको वस्तु उपभोक्ताले कुनै पनि तरिकाबाट मासुको रुपमा प्राप्त गर्दा स्वस्थ हुनुपर्छ । पहिलो त किसानले निरोगी पशु बजारमा पठाउनु पर्छ ।सामान्यतया घरमा पालेको पशु स्वस्थ छ कि छैन भन्ने ज्ञान किसानलाई हुन्छ । तथापि ठूलो चाड र पैसा आउने भएकाले यो समयमा रोगी पशुहरु पनि बजारमा आइपुगेका हुन्छन् । मासुको धेरै माग हुने ठूला शहरहरुमा टाढा-टाढादेखि ढुवानी गरेर खसीबोका लगायतका पशु ल्याईदा उनीहरु बिरामी पर्ने, मर्ने गर्छन् ।

त्यसैले खसी किन्दा उपभोक्ता सचेत हुनु अति आवश्यक छ । पहिलो त किन्ने खसी अस्वस्थ हुन सक्छ भने दोस्रो पसलबाट किन्ने मासु पनि त्यस्तै हुनसक्छ । स्वस्थ खसी के र कस्तोलाई मान्ने ? पसलबाट किन्ने मासु स्वस्थ छ कि छैन कसरी थाहाँ पाउने । यहाँ तपाईंका लागि केही टिप्स दिइएको छः

### स्वस्थ खसी कसरी छान्ने ?

- बाहिरबाट हेर्दा टाठो देखिने
- उभिएको छ र फूर्तिकासाथ हिंडडुल गर्न सक्ने
- आखाँबाट कचेरा ननिस्किएको
- नाकबाट सिंगान नबगेको
- मुखबाट र्‍याल नझारेको
- खुट्टाहरु नसुन्निएको, भुँडी नढाडिएको
- सामान्य रूपमा दिशा पिसाब गर्ने गरेको
- बाख्रा प्रजातिको औसत तापक्रम १०२ देखि १०४ सम्म हुने भएकाले तापक्रम छामेर पनि कति स्वस्थ छ अनुमान लगाउन सकिन्छ
- राम्रोसंग घाँस-पात पिठो खाने
- सकभर दूब्लो दूब्लो खसीको मासु स्वास्थकर हुन्छ ।

### स्वस्थ मासु कसरी चिन्ने ?

पसलबाट मासु किनेर खानेहरुले स्वस्थ मासु कसरी चिन्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । मासु स्वस्थ भए नभएको मुख्य गरेर मानवीय ज्यानेन्द्रीयबाटै जान्न सकिन्छ ।

- मासु गन्हाएको वा नगन्हाएको सुँघेर थाहा पाइन्छ ।
- मासुबाट सेतो पानी बगेको वा मासु चिप्लो भए नभएको हेरेर पनि जान्न सकिन्छ । धेरै दिनदेखिको बासी मासु राम्रो फ्रीजिङ नभएको अवस्थामा त्यस्तो हुन्छ ।
- कहिलेकाहीं कालो वा धेरै निलो भएको अवस्थामा मासु बिग्रीएको प्रष्टै देख्न सकिन्छ ।
- काटेको मासु डिप फ्रिजमा राखेको छैन भने त्यो मासु पनि स्वस्थ नरहन सक्छ ।


AGRO-VET DIVISION
SABHA INTERNATIONAL TRADING
769, TAHACHAL MARG P.O. BOX- 408, KATHMANDU, NEPAL.
TEL : 5371595, 5373837 EMAIL: INFO@SABHAINTERNATIONAL.COM.NP
MSD Animal Health
intervet
Elanco
Guybro
POULTRY
- Live and Killed Vaccines
- Feed Supplements
PETS
- Live Vaccines
- Ectoparsites
Agro Chemicals
- Pesticides
- Fungicides
- Herbicides
BAYER
INDOFIL


सेफ भेट केयर
प्रा.लि. परिवार
शुभ विजया
दशमी २०७८
MEDIFLOR(FLORFENICOL)
30%
Oral Solution
TILOMED 30%
TILOMED(TILMICOSIN)
30%
Oral Solution


Wishing you all the Great & Exciting
Happy
VIJAYA DASHAMI, TIHAR
& CHHATH 2078
Dr. Harsha Ratna Shakya
Chairman
Group of Seven Seas
Email: shakya.harsha@gmail.com
Exclusive Distributors of
Virbac
ANIMAL HEALTH
IH
INDIAN HERBS
Vet
Mankind


SWONIGA NUTRITECH
Regd. No. 32235/3535
CRDMINT
A BLEND OF ESSENTIAL OILS
500 ml
MYCOBINDER
500ml
C-Vit
Water Soluble Powder
MANUFACTURED BY
SWONIGA NUTRITECH
MARKETED BY
SWONIGA INTERNATIONAL PVT. LTD.
यो मन
त नेपाली
हो ।
H.No. 37/9, Jyabahal Marg-21, Kathmandu, Nepal
Tel.: +977-1-4244110, 9851093260, 9851148365
Email : swonigahome@gmail.com

VET TIMES MONTHLY

# “काठमाडौं बसेर दाङको सिफारिस गर्नु अनैतिक हो”



**डा. लक्ष्मण ढकाल**
**प्रमुख**
पशु क्वारेन्टाइन कार्यालय, काठमाडौं

**पशुपन्छीसँग सम्बन्धित विभिन्न रोगहरू मानिसलाई सर्ने जोखिम भएकाले त्यस्तो अवस्था आउन नदिन विश्वमा क्वारेन्टाइनको अवधारणा आएको धेरै भयो। नेपालमा पनि अन्तर्राष्ट्रिय र घरेलु नाका गरी पाँच स्थानमा यस्ता क्वारेन्टाइनहरू छन्। यी क्वारेन्टाइनहरूले कसरी जिम्मेवारी पूरा गरिरहेका छन् ? कार्यसम्पादनका क्रममा भोगेका समस्याहरू के के छन् ? क्वारेन्टाइन कार्यालय, बूढानीलकण्ठका प्रमुख डा. लक्ष्मण ढकालसँग भेट टाइम्सका लागि विष्णु पाण्डेले गरेको सवाल :-**

**सरकारले विभिन्न स्थानमा क्वारेन्टाइन स्थापना गरेको छ । सर्व साधारणले क्वारेन्टाइनको बारेमा बुझ्ने गरी बताइदिनुहोस् न ?**

‘क्वारेन्टाइन’ शब्दसँग तपाईं-हामी सबै परिचित छौं । यो पश्चिमा मुलुकहरूबाट उत्पत्ति भएको शब्द हो । बिरामी पशुलाई अलग्गै राख्यो भने रोगहरू फैलँदैनन् भन्ने मान्यताका आधारमा यो अवधारणा आएको हो । बिरामी पशुलाई ठ्याक्कै यति दिन नै क्वारेन्टिनमा राख्नुपर्छ भन्ने छैन । रोग, त्यसले पारेको असरलगायत कुरा हेरेर कति दिन राख्ने भन्ने निर्णय गर्छौं । केहीलाई २/४ दिन राखेर हुन्छ भने केहीलाई ४०/४२ दिनसम्म पनि छुट्टै राख्नुपर्ने हुन्छ । अहिले हामीसँग दुई प्रकृतिका क्वारेन्टाइन छन् । एउटा अन्तर्राष्ट्रियका र अर्को आन्तरिक नाकामा रसुवागढी, तातोपानी नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ३ वटा अन्तर्राष्ट्रिय क्वारेन्टाइन छन् । आन्तरिक क्वारेन्टाइनचाहिँ चितवनको रामनगर र काठमाडौंको नागढुंगामा छ ।

**यी क्वारेन्टाइनले के–के काम गर्दै आएका छन् त ?**

आन्तरिक र अन्तर्राष्ट्रिय नाकामा दुईखाले क्वारेन्टाइन रहे पनि यिनले गर्ने काम भने करिब–करिब उस्तै छन्। अन्तर्राष्ट्रिय नाकाका क्वारेन्टाइनले विदेशबाट आउने कुखुरा, चल्ला, माछाका भूरा, भ्याक्सिनलगायत पशुपन्छीजन्य वस्तुले रोग ल्याएका छन् कि छैनन्, हेर्ने, जाँच्ने काम गर्छ । पशु सेवा विभागको स्वीकृतिअनुसार पशुपन्छी तथा यससँग सम्बन्धित सामग्री आए/नआएको अनुगमन गर्ने दायित्व पनि यही क्वारेन्टाइनको हो । जिम्मेवारीअनुसार यी क्वारेन्टाइनले आफ्नो कार्यसम्पादन गरिरहेका छन् ।

हाम्रोमा पशुपन्छी ढुवानीसम्बन्धी अलग्गै मापदण्ड छ। यसमा पशुपन्छी ढुवानी गर्दा तिनलाई यातना दिन नहुने, आरामदायक ढंगले ओसारपसार गर्नुपर्नेलगायत व्यवस्था छ । आन्तरिक क्वारेन्टाइन कार्यालयले यी पक्षहरूको अतिरिक्त ती पशु स्वस्थ भए/नभएको पहिल्याउने काम गर्छन् ।

**जनशक्ति पर्याप्त छ कि समस्या झेलिरहनु भएको छ ?**

हाम्रो कानूनअनुसार सर्टिफिकेसन गर्न भेटेरिनरी चिकित्सक नै चाहिन्छ । अरूले गरेर हुँदैन। तीन अन्तर्राष्ट्रिय र दुई आन्तरिक क्वारेन्टाइन कार्यालयमा आवश्यकताअनुसार पशु चिकित्सकको प्रबन्ध छ ।

**यी कार्यालयहरूको नियमनचाहिँ कहाँबाट कसरी भइरहेको छ नि ?**

सेवाग्राहीले दुःख पाएको, क्वारेन्टाइन कार्यालयले आफ्नो ड्युटी प्रोपर्ली नगरेकोजस्ता गुनासा पनि आउन सक्छन् । त्यसैले क्वारेन्टाइन कार्यालयलाई आफ्नो काम, कर्तव्यप्रति जिम्मेवार बनाउन नियमन गर्ने काम क्वारेन्टाइन कार्यालय,



बूढानीलकण्ठले गर्छ ।

**भेटेरिनरी चिकित्सकहरूको सिफारिसपछि मात्रै पशुपन्छीको ओसारपसार हुन्छ । तर यसको अनुगमन तथा निरीक्षणमा भने चिकित्सक नभएर भेटेरिनरी प्राविधिक पठाइन्छ भनिन्छ । यसबारे तपाईंको भनाइ के छ ?**

ढुवानी गरिएका पशुपन्छीको स्वास्थ्य चेक जाँच गर्ने होइन । मात्र मापदण्ड पालना भए/नभएको हेर्ने हो । ढुवानी मापदण्डमा सानो गाडीमा दुई वटा पशु मात्र बोक्न दिने उल्लेख छ । अब त्यस्ता गाडीले मापदण्ड पालना गरे/नगरेको हेर्न चिकित्सक नै फिल्डमा जानु पर्छ र ? पर्दैन नि । किनकि, त्यो काम त प्राविधिकले पनि बकाइदा गर्न सक्छ नि । अस्थायी भएका कारण अहिले हामीले नागढुगांमा चिकित्सक राख्न सकेका छैनौं । बाँकीमा भने चिकित्सकको अभाव छैन ।

**बीपी राजमार्गतर्फको नाकामा चेकपोस्ट छैन । किन होला ?**

तपाईंले औंल्याएजस्तो यो नाकामा चेकपोस्ट अति आवश्यक छ । कर्मचारी व्यवस्थापन आदि इत्यादिको व्यवस्थापन खर्चिलो भएकाले आवश्यक हुँदाहुँदै पनि राज्यले व्यवस्था गर्न नसकेको हो कि ।

**पशुपन्छीको बढी आउजाउ हुने स्थानमा नभएर कम चहलपहल हुने स्थानमा अस्थायी चेकपोस्ट देखिन्छ । यसबारे समीक्षा हुनुपर्ने होइन ?**

हो, कतिपय ठाउँमा यस्ता समस्या छन् । जस्तो : पहिले कोइलाबासमा चेकपोस्ट थियो । तर पछि महेन्द्र राजमार्गका कारण मानिसहरूले भालुवाङको बाटो प्रयोग गर्न थाले । त्यो चेकपोस्ट बेकामेजस्तै भयो । बढी चहल पहल हुने भालुवाङमा भने चेकपोस्ट नै भएन । त्यहाँ चेकपोस्ट हुँदा पहाडी ७-८ जिल्ला कभर हुने भएकाले मैले एउटा निवेदन लेखेँ । त्यो स्वीकृत भएर आयो र भालुवाङको चेकपोस्ट त्यहाँबाट सऱ्यो । कतिपय स्थानमा अहिले पनि यस्तै समस्या छ । व्यवस्थापन खर्चिलो भएकाले होला आवश्यक सबै स्थानमा चेकपोस्ट खडा गर्न सकिएको छैन । मुख्य नाकामा बढी जोखिम हुने भएकाले त्यसतर्फ बढी केन्द्रित भएका छौं । तर अन्यत्र पनि आफ्नो स्रोत, साधन, जनशक्तिले भ्याएसम्म मोबाइल टोली परिचालन गरेर निगरानी जारी राखेका छौं । गतिविधि बढ्दै गएका, अब बढ्ने सम्भावना रहेका क्षेत्र तथा नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा चेकपोस्ट राख्नेतर्फ सोच्नुपर्छ । यसबारे विभागलाई सुझाव दिने सोच बनाएको छु ।

**चिकित्सकले राम्रोसँग सर्टिफिकेसन नगर्ने समस्या त छ नि होइन र ?**

म आफैं भेटेरिनरी चिकित्सक हुँ । तैपनि तपाईंले भनेजस्तो पशु चिकित्सकले राम्रोसँग सर्टिफिकेसन नगर्ने समस्या छ भन्ने कुरा स्वीकार्छु । यस्ता कुराहरू आम नागरिकले हेर्न सक्ने कुरा हो ।

**काठमाडौंमा बसेको भेटेरिनरी चिकित्सकले नुवाकोट, दाङमा सिफारिस गरिदिएको विषय आउँछ । यसतर्फ तपाई नेतृत्वको क्वारेन्टाइन कार्यालयले किन चासो नदिएको ?**

सरकारी जागिर नखाएको भिजिटर भेटेरिनरी चिकित्सक छ भने उसले ढुवानी गर्नुभन्दा ७२ घण्टाअघि त्यस्तो सिफारिस गरिदिन सक्छ । तर काठमाडौंमा बसेको चिकित्सकले दाङको कुखुरा स्वस्थ छ भनेर सिफारिस गर्न मिल्दैन । यदि कसैले त्यस्तो गर्छ भने त्यो अनैतिक हो । बेइमानी हो ।

**डाक्टरले सिफारिस गरेर पशुपन्छी ढुवानी गरेको गाडीमा फल्ट भेटिँदा चिकित्सकलाई कारबाही नगरेर किन गाडीलाई गरिन्छ ?**

पेशागत धर्मनिर्वाहबाट च्यूत चिकित्सकहरूको कारबाही गर्ने क्षेत्राधिकार हामीसँग छैन । यो पशु स्वास्थ्य चिकित्सा परिषद्को काम हो । उसले त्यस्ता चिकित्सकको सर्टिफिकेट नै रद्द गराउन सक्छ । कतिपयको गरेको पनि छ ।

परिषद्को क्षेत्राधिकार भए पनि त्यसबारे सिफारिस गर्ने दायित्व त तपाईंहरूको पनि होला नि ?

यदि कसैले नियमविपरीत काम गरेको पुष्टि भयो भने त्यस्तालाई मैले फोन नै गरेर सोधपुछ गर्ने र सचेत गराउने गरेको छु । यति मात्र होइन, प्रमाणपत्र कलेक्सन गरेर काउन्सिलमा पनि बुझाउँदै आएका छौं ।

**पशुपन्छीको स्वास्थ्य परीक्षण गराएर मात्र ढुवानी गर्ने मापदण्ड भए पनि यो व्यवहारिक देखिँदैन । यसलाई व्यवहारिक र वस्तुसंगत पार्न तपाई नेतृत्वको क्वारेन्टाइन कार्यालयले केही योजना पनि बनाएको छ कि ?**

बाहिरबाट ल्याइएका जनावरमा कुनै रोगको आशंका भए केही समय होल्ड गरेर राख्ने एउटा अवधारणा छ । जसलाई हामी 'होल्डिङ एड' भन्छौं । प्रणालीबद्ध, विकसित देशहरूमा यस्ता होल्डिङ एड हुन्छन् । हाम्रोमा क्वारेन्टाइन भए पनि यस्ता होल्डिङ एड छैनन् । सायद पशु सेवा विभागले वीरगञ्जमा होल्डिङ एड बनाउने कार्यक्रम राखेजस्तो लागेको छ । देशको पश्चिम भेगका

क्वारेन्टाइनमा पनि साना-साना होल्डिङ एड बनेका छन् । सुखद् समाचार यो पनि छ कि रामनगरमा होल्डिङ एड बनाउन साढे चार करोड रूपैयाँ हामीलाई प्राप्त भएको छ। त्यसलाई कार्यान्वयनमा ल्याउन एक/दुई चरणको भिजिट पनि गरियो ।

**होल्डिङ यार्डका लागि छुट्याइएको साढे चार करोड पर्याप्त छ त ?**

मापदण्डअनुसार क्वारेन्टाइनको क्षेत्रफल ६ हजार स्क्वायर मिटर हुनुपर्छ । यो भनेको करिब १ बिघा जग्गा हो । चितवनजस्तो ठाउँमा साढे चार करोड रूपैयाँमा १ बिघा जग्गा आउन गाह्रो छ । तैपनि हामीले प्रयास जारी राखेका छौं । भिजिट गरेपछि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा कमिटी बनाउनुपर्ने प्रावधान छ। यसले त्यहाँको प्रचलित मूल्य, बैंकले तोकेको मूल्य र जिल्लाको दर रेट तीनवटालाई औसत गरेर वा त्योभन्दा कम मूल्यमा खरिद गर्नुपर्ने रहेछ। खरिद प्रक्रियामा सानोभन्दा सानो त्रुटि भयो भने जागिरपछि पनि दुःख पाइन्छ। त्यसैले कतैबाट पनि त्रुटि नहुने गरी काम गरिरहेका छौं । केही सरकारी अधिकारीबाट पनि सहयोग गर्ने आश्वासन पाएका छौं ।

**धेरै स्थानमा क्वारेन्टाइन छ, तर ल्याब छैन। परीक्षण कसरी भइरहेको छ ?**

क्वारेन्टाइनमा ल्याब नभएकाले परीक्षणमा समस्या छ । भ्याक्सिन, फिड सप्लिमेन्ट उल्लेख गरिएअनुसार छ कि छैन भनेर अनुगमन गर्ने काम पनि हाम्रो हो। त्यस्ता वस्तुबारे शंका लागेमा स्याम्पिलङ गरेर नार्कलगायत स्थानमा पठाउँछौं । बाहिरबाट आएका पशुपन्छीलाई अहिलेसम्म आँखाले मात्र हेरेर पठाउनु पर्ने बाध्यता छ। अब ल्याब बनेपछि भने परीक्षण गरेर मात्र पठाउँछौं ।

**क्वारेन्टाइनमा रहेका रोगी पशुपन्छीको परीक्षण विकसित देशमा कसरी गरिन्छ ?**

यो मामलामा विकसित देशहरू धेरै 'सिन्सियर' छन् । कुनै जनावरमा एउटा मात्रै रोग देखियो भने पनि त्यहाँ राष्ट्रिय 'इस्यु' बन्छ ।

**ल्याब निर्माणतर्फ पनि केही प्रगति हुँदै छ कि ?**

नेपालगञ्जतिर म क्वारेन्टाइन प्रमुख भएर पनि बसेँ । त्यतिबेला अवस्था कस्तो थियो भने कुनै पशुपन्छीमा रोग लागेको शंका लागे पनि स्क्रिनिङ टेस्ट गर्न ल्याब थिएन। यस्तो अवस्थामा टेस्ट गर्ने ल्याब चाहिन्छ भनेर मैले ध्यानाकर्षण गराउँदै आएको थिएँ। यस वर्ष सुनुवाइ भएको छ। संसारमा रोगहरूको एक साथ परीक्षण गर्न र्‍यापिड टेस्ट किट आएको छ। यसबाट ५-७ मिनेटमा नै रोगबारे पत्ता लाग्छ। ल्याब निर्माण भएपछि हामीले शंका गरेको रोग फैलन पाउने छैन ।

**फेरि पनि ढुवानी मापदण्डकै कुरा गरौं । यसमा के कस्ता असुविधा र समस्या छन् ?**

ढुवानी साधन कस्तो हुनुपर्ने, कसरी व्यवस्थापन गर्नुपर्ने, कुन साधनमा ल्याउन पाइने, नपाइनेजस्ता प्रावधान ढुवानी मापदण्डमा छ। ढुवानी मापदण्डमा उल्लेख गरिएका कुरा कार्यान्वयन गर्न अव्यवहारिक छ । जस्तो : पशुपन्छीको नाकमा लगाइने नत्थीकै कुरा गरौं । मापदण्डअनुसार यो लगाउन मिल्दैन। तर त्यो नलगाउने हो भने लड्ने रहेछ। हाम्रो बाटो पनि त्यस्तै छ।

**ढुवानी मापदण्ड पालना नगर्ने माथिको जरिवाना कम भएको गुनासो सुनिन्छ नि ?**

तपाईंले भनेजस्तो समस्या छ । कारबाही गर्न खोज्दा प्रलोभन देखाएर उम्किन खोज्ने नियत व्यापारीको हुन्छ । मैले मातहतका कर्मचारीलाई यस्ता विषयमा संवेदनशील हुन निर्देशन दिँदै आइरहेको छु। मलाई लाग्छ, विगत वर्षको तुलनामा अब सुधार आउनेछ ।





विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डा. हरिकृष्ण थापा
हिमालय भेटेरिनरी क्लिनिक एण्ड ल्याब परिवार
बनेपा, काभ्रे


विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डा. हरि प्रसाद मानन्धर
बनेपा भेटेरिनरी ड्रग सप्लायर्स
बनेपा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६३४६८


विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कालिञ्चोक भेट फर्मा क्लिनिक
बाईपास रोड, बालाजु, काठमाडौं


विजया दशमी, दीपावली
एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डा. सुरज गुरुङ्ग
युनाइटेड भेट क्लिनिक
कालीगण्डकी युनाइटेड भेट फर्मा
ठेचो, बज्रबाराही नगरपालिका, ललितपुर, फोनः ०१-५५७४६३५, ९८१८६५८५७०

## विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को

पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**फेवा इन्टरनेशनल ट्रेडिङ्ग प्रा. लि.**

काठमाडौं, नेपाल, मो.नं. ९८५५०५७३६६

Provides high quality poultry feed suppliments medicines & vaccines

Venky's Elanco Lohmann NOVARTIS

Venky's (India) Limited B.V. Bio-Corp. Pvt. Ltd.
Lohmann Nutrition Lohmann Animal Health
Vesper Lab & Elanco Vaccine

## विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को

पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनुप कुमार दास
अध्यक्ष

**Genuine International Pvt. Ltd.**
Tintolia, Biratnagar-10, Phone No.: 021-417040

Brihans Laboratories Pvt. Ltd. | Blue Plus Nutrition | The WELLMAN Pharmaceuticals

## विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को

पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Ganapati Vet International

**गणपति भेट इन्टरनेशनल प्रा. लि.**

कलंकी, काठमाडौं

फोन नं. ०१-५२१९२४९, मो.: ९८५१०३४८४०, ९८५११३०३००

# दशैंमा कुखराको माग घट्छ

## बिचौलिया नभएको एक मात्र क्षेत्र हाम्रो हो



**जंगबहादुर बेल्बासे**
अध्यक्ष
राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघ, नेपाल

**कुखुरा उत्पादन कस्तो छ ?**

कुखुराको माग अहिले राम्रो छ । हामी यसमा आत्मनिर्भर छौं ।

**नेपालीको महान् पर्व बडादशैं नजिकिएको छ । अहिले भइरहेको मागले थेग्ने अवस्था छ त ?**

खसी, भेंडा, च्यांग्राको माग दशैंमा बढी हुन्छ । तर कुखुराको हकमा भने ठीक उल्टो छ । अन्य समयमा यसको माग उच्च भए पनि दशैंमा घट्छ । यस वर्ष प्रतिकेजी २९० रूपैयाँमा उपभोक्ताले मासु खरिद गर्ने सम्भावना छ ।

**दशैंमा कुखुराको माग घट्नुको कारण के होला ?**

कुखुराको मासु सबैभन्दा धेरै खपत हुने स्थान हुन्, होटल, रेस्टुराँ, अफिस । दशैंमा यी सबै बन्द हुन्छन् । बजार नै बन्द भएपछि खपत घट्नु स्वभाविक हो ।

**कुखुरामा हामी आत्मनिर्भर भएको बताइन्छ । दशैं भन्नेबित्तिकै खसी रोजाइमा पर्छ । कुखुराको मासुमा उपभोक्ताको आकर्षण किन कम भएको होला ?**

दशैंमा कुखुराको मासुप्रति आकर्षण कम हुनुको एउटा मात्रै नभएर विविध कारण छन् । पहिलो र मुख्य कारणचाहिँ परम्परागत सोच नै हो । दशैं भन्नेबित्तिकै खसी, च्यांग्रा, भेडा ढाल्नुपर्छ भन्ने मान्यता समाजमा छ । त्यही कारण रोग लागेको भए पनि, जेजस्तो भए पनि खसी च्यांग्रा काटिन्छ ।

**दशैंमा उपभोक्तालाई स्वस्थ मासु उपभोग गर्न के योजना बनाएको छ ?**

राँगा, खसीको बधशालामा समस्या छन् । बेला बेला यसबारे समाचार पनि प्रकाशमा आइरहेकै छन् । तर कुखुराको मासुमा खराबी छैन । यसको बधशाला सिस्टमेटिक छ । कोल्ड स्टोरले पनि मापदण्डमा रहेर मासु तयार गरिरहेका छन् ।

**किसानको बिक्री मूल्य र उपभोक्ताको खरिद मूल्यमा ठूलो अन्तर छ । किन यस्तो भएको होला ?**

अहिले बजारमा कुखुराको तयारी मासु प्रतिकेजी २९० रूपैयाँमा पाइन्छ । हामीले किसानसँग जिउँदै प्रतिकेजी २१० रूपैयाँ खरिद गरिरहेका छौं । एउटा जिउँदो कुखुरामा आन्द्राभुँडीलगायत वेस्टेज ८५ रूपैयाँ जतिको हुन्छ । यस हिसाबले हामीले निकै कम प्रोफिट राखेर किसानको कुखुरा बिक्री गरिरहेका छौं । तर मान्छेले यो प्राविधिक कुरा बुझ्दैनन् । म ठोकुवाको साथ भन्छु, बिचौलिया नभएको एक मात्र क्षेत्र कुखुराको हो ।

**कुखुराको मूल्य घट–बढ हुन्छ । के आधारमा यस्तो हुन्छ ?**

माग बढी हुँदा मूल्य बढ्ने र घट्ने हुँदा मूल्य पनि घट्ने अर्थशास्त्रको सामान्य नियम नै हो नि ।

**कुखुराको मासु होल्ड गरेर राख्ने ठाउँ नहुँदा पनि मूल्य तलमाथि भयो भनिन्छ नि ?**

हो, ब्रोइलर उत्पादन गरेपछि होल्ड गर्ने ठाउँ हुनुपर्‍यो । होइन भने किसान आत्तिन्छन् । त्यही कारण भाउ तलमाथि हुन्छ ।


**विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को**

पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



बासु बडाल
सञ्चालक

**दाउन्ने पोल्ट्री ब्रिडिङ फर्म प्रा. लि.**

फोन नं. ९८५७०१००५४







साथै सन्तुलित पेलेट दाना खुवाऔं, आम्दानी बढाऔं ।
सिद्धार्थ पेलेट फिडका दाना सधैं प्रयोग गरौं ।
सम्पर्क कान्तिपुर फिड प्रा. लि., भक्तपुर औद्योगित क्षेत्र भक्तपुर फोन नं. ०१–६६१४३१७

# सहुलियतमा अण्डा उपभोग गर्ने वातावरण बनाइरहेका छौं



**शिवराम केसी**
अध्यक्ष
नेपाल अण्डा उत्पादक संघ

**अहिले अण्डा उत्पादन र मागको अवस्था के छ ?**

बजारमा जति माग छ, त्यहीअनुसार उत्पादन पनि भइरहेको छ । त्यसैले अण्डाको बजार स्थिर छ ।

**कोरोना भाइरस महामारीको प्रभाव अण्डा उत्पादनमा निस्तेज भएको हो ?**

कोरोना भाइरस महामारी त अहिले फेसनजस्तै भएको छ । बहानाबाजीको माध्यम बनेको छ । अण्डा उत्पादनमा सुरुमा केही प्रभाव परे पनि अहिले सुधार छ । उपभोग गर्ने क्रम पनि सन्तोषजनक छ ।

**दशैंमा पनि माग उस्तै रहला ?**

दशैं त आउनै बाँकी । यो पर्वमा माछा, मासुसँगै अण्डा पनि खाने चलन छ । मासु नखाए पनि अण्डा खाने धेरै छन् । अब चाडबाड पनि आउने क्रममा रहेको र मुभमेन्ट पनि बढ्ने भएकाले अण्डाको खपत बढ्ने देखिँदैछ ।

**मासुमा जति आकर्षण छ, त्यसको दाँजोमा अण्डामा हुन सकेन भन्ने सुनिन्छ । यसको कारण के होला ?**

चाडपर्वमा अण्डा कम खपत हुन्छ भन्ने कुरा म स्वीकार गर्दिनँ । मागअनुसार सबै ठाउँमा अण्डा पुऱ्याउन गाह्रो गाह्रो नै परिरहेको छ ।

**उचित मूल्य पाएनौं भन्ने किसानको गुनासो सुनिन्छ । यसबारे के भन्नुहुन्छ ?**

पहिले पहिले किसानका यस्ता गुनासो थिए होलान् । तर अहिले छजस्तो लाग्दैन । किनभने अण्डा संघले आफ्नै दर रेट कायम गरेर किनबेच गरिरहेको छ ।

**उपभोक्ताले बढीमा किने पनि किसानले किन कम मूल्य पाउँछ ?**

सबै उपभोग्य वस्तुको मूल्य बढिरहेको छ । कतिपयको त महिना महिनामा उकालो लाग्छ । अण्डा मात्रै यस्तो चीज हो जसको मूल्य आजभन्दा ४-५ वर्ष अघिदेखि नै १५ रूपैयाँ छ । अब बढिहाल्यो भने पनि १६ रूपैयाँ हुनसक्छ । लागतको तुलनामा यो केही पनि होइन । त्यसैले उपभोक्ताका लागि अण्डा महँगो भयो भन्नु उचित होइन । हामी अण्डा उत्पादक संघ आफैं पनि किसानले उचित मूल्य पाओस् र उपभोक्ताले पनि सस्तोमा खरिद गर्न सकोस् भन्नेमा चनाखो छ ।

**बजार व्यवस्थित पार्न केही योजना पनि बनाउनु भएको छ कि ?**

अन्य क्षेत्रमा जस्तो दशैंका बेला छुट या सहुलियत दिने हाम्रो योजना छैन । उत्पादन र मागले बजार निर्धारण गर्ने अर्थशास्त्रको सामान्य नियमअनुसार चलेर कारोबार गर्ने योजना छ ।



# खिजिदेम्बा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### खिजिफलाटे, ओखलढुङ्गा, १ नं. प्रदेश नेपाल

## सूचना

- बालविवाहलाई निरुत्साहित गरौं। २० वर्षपछि मात्र विवाह गरौं, गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिउँ। फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं। सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।
- व्यक्तिगत घटना दर्ता समयमै गरौं। आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं।
- बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिशा–पिसाव नगरौं। खुला दिशा–पिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुने बानी बसालौं। अरुलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं।
- लैंगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारीमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुईवटा विरुवा अनिवार्य रुपमा रोपी हरियाली स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचार संहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

प्रमुख प्रशासकीय अधिकृत

# पञ्चकन्या भेट डिष्ट्रिब्यूटर प्रा. लि.

Panchakanya Vet Distributor Pvt. Ltd.
PVD
Lalitpur-15

ललितपुर १५, सातदोबाटो,
फोन नं. : ०१-५१५२२८९
मोबाइल : ९८४१२८२२८०
इमेल: pvdnepal@gmail.com

**Sole Distributors of:**

VETERCO

Sequent
Proven Ability In Life Science

**उपलब्ध सेवाहरू:**

- पशुपंक्षी तथा कुकुरहरूको औषधि, फिड सप्लिमेन्ट एवं भ्याक्सिनहरूको थोक बिक्रेता ।
- पशु चिकित्सा सम्बन्धि परामर्श तथा प्राविधिक सेवा ।

---

**विश्वसनीय कम्पनीहरूको पशुपंक्षीको औषधि, विभिन्न प्रकारका फिड सप्लिमेन्ट, भिटामिन, मिनरल, मिक्स्चर, एन्टिबायोटिक्सहरू,पोल्ट्री इक्यूपमेन्ट्स तथा भ्याक्सिनहरूको थोक तथा खुद्रा बिक्रेता**

*Authorized Distributor for:*

JORDAN VET. & AGR. MED. IND. CO
JOVET
Jovac
JORDAN BIO INDUSTRIES CENTER
ADISAN LABORATORIES PRIVATE LIMITED
MARC
LAPROVET




## बनदेवि भेट फर्मा

बालाजु, काठमाडौं, फोन: ४३६६२८८
मो: ९८५१११०५२८

## थापा भेटेरीनरी

नुवाकोट, त्रिशुली, फोन: ०१०-५६०३१७
मो: ९७५१०१०७२०

# डा. किसीको जीवनयात्रा:
# आमाका लागि डाक्टरी, उपार्जनका निम्ति पोल्ट्री



**डा. बलराम किसी**
सञ्चालक
जीजे पोल्ट्री ब्रिडिङ एण्ड ह्याचरी प्रा. लि.

आमा ! संसारकै सर्वप्रिय नाता । कतिपय सन्तति यस्ता हुन्छन्, जो आफ्नी आमाको खुसीका लागि सबै चीज समर्पण गरिदिन्छन् ।

सफल पोल्ट्री व्यवसायी डा. बलराम किसी यस्तै सन्तान हुन्, जसले आफ्नी आमाको शरीरमा साम्राज्य फैलाएको खुनी रोग निर्मूल पार्न यति धेरै जीवनरूपी घोडेटो खने, जुन मिहिनेत र समर्पण सायदै सन्तानले गरेका होलान् ।

डा. बलराम किसी चिकित्सक नहुँदै सानै छँदाको कुरा । आमालाई माइग्रेन थियो । सधैं टाउको दुखिरहने ।

शरीरलाई रोगले हायलकायल पारेपछि उपचारका लागि डा. बलरामकी आमा कैयन् अस्पताल चहारिन् । चिकित्सकलाई व्यथाको इतिवृतान्त सुनाउँथिन् । चिकित्सक त्यही आधारमा थप परीक्षण र औषधि सेवनका लागि चिर्कटोमा प्रेस्क्राइब गर्थे । पैसा सकियो, समय नाश भयो । रोग बीसको उन्नाईस भएन ।

आमाको अवस्था बिग्रँदो थियो । परिवारको आर्थिक स्थिति सामान्य भएकाले अन्य देशमा लगेर उपचार गर्ने ल्याकत थिएन, किसी परिवारको ।

दर्दले छट्पटाइरहेकी आमाको पीडा हरेक दिन नियालिरहेका हुन्थे, बलराम । टोलाउँथे । तर निरीह थिए । संसार देखाउने आमाको पीडा र दर्द टुलुटुलु हेर्नुको विकल्प उनीसँग थिएन ।

पीडामा छट्पटाइरहेकी आमा देखेर उनको कलिलो बालसुलभ मस्तिष्कमा केही गर्न नसकेको ग्लानिको भावले डेरा जमाउँथ्यो । माइग्रेनको पीडामा छट्पटाइरहेकी आमालाई कसरी त्यो दलदलबाट निकालेर पीडामुक्त गर्न सकिएला ? खेल्ने, रमाउने त्यो उमेरमा उनी ध्यानमग्न हुन्थे । यो विषयले मनमा यसरी डेरा जमायो कि कतिबेला डाक्टर बन्ने प्रण गरे आफैंले चाल पाएनन् ।

'माइग्रेनको पीडाले आमा सधैं छट्पटाइरहनु हुन्थ्यो । यो दृश्य देखेर सानैमा मैले चिकित्सक बन्ने प्रण गरिसकेको थिएँ,' किसीले चिकित्सक अध्ययन गर्न प्रेरित गर्ने त्यो हृदयस्पर्शी घटना स्मरण गरे ।

भक्तपुरको गोलमढीमा ०२८ सालमा जन्मिएका किसीले त्यहीबाट एसएलसी उत्तीर्ण गरे । विज्ञान विषय लिएर प्रवीणता प्रमाणपत्र अध्ययन गरे ।

सानैमा कोरलेको डाक्टर बन्ने सपना आईओएमबाट पूरा भयो । एमबीबीएस अध्ययनपछि उनी एमडी गर्न रुस लागे ।

रुसबाट स्वदेश फिर्तापछि किसीमा आत्मविश्वास धेरै थियो रे । उनी भन्छन्, 'रुसबाट फर्किएपछि आत्मविश्वास यति थियो कि आमाको रोग निको हुनेमा किञ्चित शंका थिएन ।'

तर दुर्भाग्य एलोप्याथिक विषयमा हासिल गरेको विद्वताले आमाको त्यो दीर्घ रोग निको भएन । 'मैले हासिल गरेको ज्ञानले आमाको रोग निको पार्न सकिएन,' उनले भने ।

## जब पूरा भयो सपना ...

डाक्टर अध्ययन गर्दा उनको वर्षौं समय व्यतीत भइसकेको थियो । जुन उद्देश्यले चिकित्सा शास्त्र अध्ययन गरेका थिए, त्यो नै पूरा नभएपछि स्वभाविक रूपमा निरासा पलाउँछ । बेचैनी र दिक्दारीले घर गर्छ ।

तर डा. किसी आफू कहिल्यै हतास नभएको सुनाउँछन् । बरू होमियोप्याथी अध्ययन गर्ने सोच पलाएको र त्यसैअनुरूप अघि बढेको बताउँछन् । 'एउटा खोजीमा रहेकाले त्यो नभेटेसम्म म यात्रामा जुटिरहेँ । हार मानिनँ,' उनले भने ।

त्यही खोजलाई मूर्तरूप दिन एक वर्ष होमियोप्याथी अध्ययन गर्ने निर्णय गरेको डा.

किसी बताउँछन् ।

होमियोप्याथी विश्वकै दोस्रो ठूलो चिकित्सा विधि । तर उपेक्षामा परेको । यही विषयमा उनले एक वर्षको अध्ययन सके ।

एलोप्याथिक अध्ययनले आमाको रोग निर्मूल नगरे पनि होमियोप्याथीले भने उनको सपना साकार भयो । वर्षौं पीडित आमाको माइग्रेनको समस्या काँडो झिकेजस्तो दूर भयो ।

आमाको मन धन्य भयो । उनको खुसी पहिलो पटक बेजोडले मुस्कुरायो ।

'जुन उद्देश्य लिएर वर्षौं संघर्ष गरेको थिएँ, त्यसले मूर्तरूप लिँदा म निकै आनन्दित थिएँ,' उनले त्यो अविष्मरणीय घटनातिर घोत्लिँदै भने ।

डा. किसीका अनुसार, वर्षौं माइग्रेनको समस्याबाट ग्रसित उनको आमालाई अहिले माइग्रेनको कुनै समस्या छैन । 'उहाँ अहिले तन्दुरुस्त हुनुहुन्छ । माइग्रेनको कुनै समस्या छैन,' उनले सुनाए ।

किसी पूर्णकालीन चिकित्सक होइनन् । तर उनले यो पेशा चटक्कै छाडेका भने छैनन् । भक्तपुरमै एउटा क्लिनिक खोलेका छन् । त्यसमा उनी साताामा एक दिन बिरामी जाँच्छन् । 'मुख्य त सेवा भाव नै हो,' क्लिनिक खोल्नुको कारणबारे उनले सुनाए, 'अर्कोचाहिँ आफूले हासिल गरेको ज्ञान विलुप्त नहोस् भन्ने हो ।'

सबैतिर चहारेका, निराश बिरामी आफ्नोमा आउने र तीमध्ये धेरैलाई आफूले निको पारेर पठाएको उनी सुनाउँछन् । 'मेरो लागि एउटा होइन, सबै बिरामी स्मरणीय र खास हुन्छन्,' किसीले भने ।

होमियोप्याथिक उपचार पद्धति विश्वकै दोस्रो ठूलो भएपनि नेपालमा उपेक्षित भएको उनको गुनासो छ । 'छिमेकी मुलुक भारतले होमियोप्याथिकको विकासमा ध्यान दिएपनि हाम्रोमा यो उपचार विधि उपेक्षित छ,' उनले गुनासो गरे ।

## अनि रोजे पोल्ट्री क्षेत्र

चिकित्सा शिक्षा अध्ययन सकाएका अधिकांशले यसमै प्राक्टिस गर्छन् । नेपालजस्तो मुलुकमा त अझै एमबीबीएस/एमडी अध्ययनरत चिकित्सक अन्य पेशामा लागेको बिरलै देख्न पाइन्छ । यो पेसाबाट नै कुस्ता आम्दानी हुने भएकाले अन्य क्षेत्र रोज्नुपर्ने बाध्यता छैन ।

तर डा. किसीलाई सेतो वस्त्रधारण गर्दै स्टेथोस्कोप भिरेर पूर्णकालीन चिकित्सक हुन मन लागेन ।

## किन त ?

'स्वास्थ्य क्षेत्र विशुद्ध सेवा हो । यो पेशा हुनै सक्दैन,' समाजवादी लय पक्डँदै उनले चिकित्सा क्षेत्रमा पूर्णकालीन नहुनुको रहस्य उधिने, 'मान्छेको पीडालाई कहिल्यै उपार्जनको अवसर बनाउनु हुँदैन । पैसा कमाउन त व्यवसाय गर्नुपर्छ । त्यसैले पोल्ट्री क्षेत्र रोजेको हुँ ।'

डा. किसीका अनुसार, शिक्षा र स्वास्थ्य व्यावसायीकरण गर्नै हुँदैन । सेवाका क्षेत्रलाई व्यावसायीकरण गरिएकै कारण मुलुकमा अनेक समस्या आएको उनको जिरह छ । 'अहिले पनि अस्पतालमा जाँदा ठगिएको विषय बाहिर आउँछ । बिरामी मरेपछि डाक्टर कुटिन्छन् । पोल्ट्री व्यवसाय गर्दा त कोही पनि कुट्न आउँदैनन् नि,' उनले स्वास्थ्य क्षेत्र व्यावसायीकरण गर्दाको साइड इफेक्टबारे सुनाए ।

स्वास्थ्य र शिक्षालाई व्यावसायीकरण गरेपछि यस्ता घटना दोहोरिरहने उनी बताउँछन् ।

यही ठम्याइका साथ व्यवसाय थालनी गर्ने सोच बनाएका किसीले पोल्ट्री नै रोज्नुको कारणचाहिँ आफ्नो दाइ यही क्षेत्रमा संलग्न हुनु रहेछ ।

'दाइले ०५१ सालदेखि नै पोल्ट्री व्यवसाय थाल्नु भएको थियो । मलाई पनि पैसा कमाउन व्यवसाय गर्नुपर्छ भन्ने रियलाइजेसन भयो र यसमा इन्भल्भ भएँ,' उनले भने ।

किसीका अनुसार, सुरुमा उनको परिवारको आर्थिक अवस्था कमजोर थियो । एकै पटक ठूलो व्यवसाय गर्ने ल्याकत थिएन । त्यसैले पाँच सय कुखुराबाट व्यवसाय थालेको उनी बताउँछन् । हिजो सामान्य ढंगले किसी दाजुभाइले सुरु गरेको पोल्ट्री व्यवसाय अहिले करोडौंको उद्योगमा परिणत भएको छ । कुखुरा उत्पादनलगायत विभिन्न कार्य उनको उद्योगले गर्छ । किसीका अनुसार, यही क्षेत्रमा नयाँ काम गर्ने योजना पनि उनीहरूले बताएका छन् । 'पोल्ट्री क्षेत्रमा धेरै वर्ष बिताइयो । अब यसैमा टेकेर अरूमा पनि हात हालिँदैछ ।

## संकट जसलाई किसीले परास्त गरे

मानिसको जीवन सधैं सरल रेखामा अघि बढ्दैन । त्यसमा आरोह र अवरोहहरू आइरहन्छन् । व्यवसायमा पनि संकट आइपर्छन् ।

पोल्ट्री व्यवसाय थालेको दुई दशकपछि डा. किसीले कल्पना नै नगरेको झड्का यो व्यवसायमा व्यहोरे । ०७० मा उनीहरूको पोल्ट्री फार्म अहिलेजस्तो ४-५ ठाउँमा नभएर एकै ठाउँमा थियो । बर्डफ्लुको महामारी आयो । उनको फार्म रहेको भक्तपुरलाई संकटग्रस्त घोषणा गरियो । किसीका अनुसार, त्यतिबेला उनीहरूले पालेका सबै कुखुरा बर्ड फ्लुको आशंकामा पुरियो । यसबाट एकै पटक १० औं करोडौंको क्षति किसी परिवारले भोग्यो । किसी त्यतिबेला भोगेको क्षतिले निकै ठूलो धक्का पुगेको सुनाउँछन् ।

ऋणको भारी किसी दाजुभाइको थाप्लोमा थियो । भए भरको घर जग्गा बैंकमा थियो । धूलो टक्टकाएर नउठी धरै थिएन । तर कसरी उठ्ने ? ठूलो दोसाँधमा थिए, किसी दाजुभाइ ।

एउटा अहान छ, आगोले पोलेको घाउलाई आगोले नै निको पार्नुपर्छ । किसी दाजुभाइलाई पनि त्यस्तै लाग्यो । उनीहरू व्यवसाय थालनी गर्ने सोचमा पुगे ।

व्यवसायमा आएको त्यो संकटको घडीमा बैंकले हामी छौं, के गर्नु पऱ्यो भनेर ढाडस दिए । साथीभाइले म्याटिरियल र औषधि दिए ।

'त्यो संकटको बेला हाम्रो खाता भनेको विश्वासको थियो,' किसीले भने, 'सबैको साथ र सहयोगले हामी त्यो संकटबाट उठेर व्यवसाय थाल्न सफल भयौं ।'

सबैको साथ र हौसलाले केही समयपछि नै आफ्नो व्यवसायले लय पक्डिएको किसी सुनाउँछन् ।

'०७० सालमा पुगेको क्षतिले धक्का लागे पनि केही समयपछि नै हाम्रो व्यवसाय लयमा फर्कियो,' उनले सुनाए, 'यो व्यवसायबाट हामी पूर्ण सन्तुष्ट छौं ।'

कोरोनाले सबै क्षेत्रमा धक्का पुगेको छ । कतिपय क्षेत्र अझै पनि चलायमान हुन सकेको छैन । तर पोल्ट्री क्षेत्रमा भने चलायमान रहेको किसी बताउँछन् । कोरोना भाइरस संक्रमणबाट जोगिन आवश्यक प्रोटिन कुखुराको मासुबाट पाइने भएकाले यसको खपत सन्तोषजनक रहेको उनको ठम्याइ छ ।

'पर्यटन, हवाई र शिक्षा क्षेत्रमा परेको असरको तुलनामा पोल्ट्री व्यवसायमा कम प्रभाव परेको छ,' उनले भने, 'नाफा घाटा' छ । तर चलायमान छ । रोजगारी कटौती गर्नु परेको छैन ।'

कुखुरामा देखापर्ने रोग चुनौतीका रूपमा छ । त्यसमध्येको एक रोग हो, रानीखेत । यसले किसानलाई ठूलो तनाव दिँदै आएको छ ।

कोरोनाको बेभजस्तै रानीखेतको बेभ आए पनि अहिले यो समस्या नरहेको किसी बताउँछन् ।

'रानीखेतका कारण ब्रोइलर र लेयर्स कुखुरा मरे । रानीखेतको खोप लगाएको मरेको पाइएन । अहिलेचाहिँ भ्याक्सिन नलगाए पनि मरेको छैन,' किसीले भने ।

कुखुराको मासु उत्पादनमा मुलुक आत्मनिर्भर बने पनि यसको दानालगायतमा चाहिने कच्चा पदार्थमा परनिर्भरताको अवस्था रहेको किसी बताउँछन् । यसमा करोडौं रूपैयाँ विदेशिएकाले यसतर्फ सोच्न ढिला भइसकेको उनी बताउँछन् । 'कुखुराको दाना लगायतका लागि आवश्यक कच्चा पदार्थका लागि करोडौं रूपैयाँ विदेश गइरहेको छ,' उनले कुराको बिट मार्दै भने, 'यदि यो कच्चा पदार्थमा पनि मुलुकलाई आत्मनिर्भर बनाउने हो भने मुलुकको ठूलो धनराशि बाहिरिनबाट जोगिने थियो ।'

EMA EU | UK MHRA | TGA Australia | VMD UK
APPROVED

SK+F
ESKAYEF PHARMACEUTICALS LTD.

# Mycoban®

*The optimal solution for*
***maximum profitability***

3 MYCOTOXIN BINDER
IMMUNO MODULATOR
ACIDIFIER
IN ONE !!!




**Indication & Usage**
- Prevents and treats the mycotoxin infestation in poultry
- Control gastro-intestinal pH
- Improve renal and hepatic function

**Dosage & Administration**

Prevention : 1 ml/5-10 L of drinking water for consecutive 3-5 days
Treatment : 1 ml/5-10 L of drinking water for consecutive 3-5 days

RM from Italy

MEDVET
MEDVET PHARMA Pvt. Ltd.
Tripureswor, Kathmandu, Nepal.
Phone : 977-1-4222837
Email: medvetpharma.bg@gmail.com

www.medvetpharma.com

विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु–स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

2001 Kantipur Vet Distributors Pvt. Ltd.

कान्तिपुर भेट डिष्ट्रिब्युटर्स प्रा. लि.

हमाल कम्प्लेक्स, तेस्रो तल्ला, यूएन पार्कसँगै, ज्वागल, ललितपुर

फोन : ०१–५५३९६३४, ५२६१८४७ । इमेल: kantipurvet@gmail.com

www.kantipurvet.com

विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु–स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Valley Group Family

Associated with:

Valley Cold Store Pvt. Ltd.
Valley Feed Industry
Valley Pellet Feed Pvt.Ltd.
Valley Agro Feed Pvt. Ltd.

VFC Restaurant Pvt. Ltd.
Trishuli Breeding & Research Farm Pvt. Ltd.
Marsyangdi Poultry Pvt. Ltd.

Valley Poultry Pvt. Ltd.
Mechi Poultry Pvt. Ltd.
Panacea Vet Services Pvt. Ltd.
DSM Global Company Pvt. Ltd.

Nayabazar, Kathmandu - 16, Tel : +977 1 4353166, 4360791, info@valley.com.np, www. valley.com.np

VET TIMES
MONTHLY

# काठमाडौंको बजार किसानको पहुँचमा छैन



**गोविन्द पाठक**
पूर्व अध्यक्ष, चौपाय खरिदबिक्री व्यवसायी संघ

काठमाडौं उपत्यकालगायत देशका मुख्य शहरमा पशुपन्छीको दैनिक हजारौं केजी मासु माग छ । बजारमा रहेको मासुको माग स्वदेश भित्रको उत्पादनले नपुगेर विदेशबाट आयात गर्ने गरिएको छ । यसरी स्वदेश र विदेशबाट मासुका लागि पशुचौपाया ढुवानी गर्दा खासगरी किसानले अनेक झन्झट र भुक्तमान भोग्नु परेको गुनासो सुनिन्छ । आखिर पशुपन्छी ढुवानीमा अहिले देखिएका समस्या के के हुन् ? चौपाया व्यवसाय संघ सम्बद्ध गोविन्द पाठकसँगको कुराकानी :-

### हिन्दूधर्मालम्बीहरूको ठूलो चाड विजयादशमी नजिकिँदै छ । बजारमा अहिले मासुको माग कस्तो छ ?

पहिले पहिले नेपालीको क्रय शक्ति कम थियो । माछामासु खान दशैं पर्खिनु पर्थ्यो । तर अहिले नेपालीको क्रय शक्ति बढेको छ । योसँगै मासुको माग पनि बढेको छ । दशैंमा मात्र होइन सधैं मासुको माग हुन्छ । दशैंमा मात्रै केही बढी हुने हो ।

### हाम्रो आफ्नै उत्पादनले माग धानेको छ कि के छ ?

कुखुरामा आत्मनिर्भर भइसकेका छौं । अन्य पशुचौपाया भने भारतबाट पनि आउने गरेको छ ।

### पशुचौपायाा ढुवानी गरेर बजारसम्म लैजान सहज असहज के छ ?

मुलुकमा पञ्चायती व्यवस्था ढलेर प्रजातन्त्र र राजा हटेर गणतन्त्र आएको पनि वर्षौं भइसक्यो । तर पशुचौपाया ढुवानी गर्दा भने हामीले सामन्ती रवैया झेल्नु परिराखेको छ । ठूलाले सानालाई हेप्ने प्रवृत्तिबाट हामी आजित छौं ।

### ठूलाले सानालाई हेप्ने भन्नाले ?

पशुचौपाया ढुवानी गर्दा गरिने व्यवहारको कुरा गरेको नि ।

### कस्तो व्यवहार हुन्छ र ?

ट्रकका ट्रक पशुपन्छी ल्याउनेलाई यहाँ कहीँ कतै अवरोध गरिदैन । सहज ढंगले ढुवानी गर्न दिइन्छ । तर थोरै थोरै ढुवानी गर्ने व्यापारी, किसानलाई भने अनेक दुःख, झन्झटमा पारिन्छ । भेटेरिनरी चिकित्सकले स्वस्थ प्रमाणित नगरेको भन्दै रोकिन्छ ।

### उपभोक्तालाई स्वस्थ र स्वच्छ मासु खुवाउन राखिएको नियम त तपाईंहरूले मान्नु पर्‍यो नि ?

यो नियम राम्रो हो । तर अव्यवहारिक छ । नेपालमा कतिपय यस्ता ठाउँ छन् जहाँ जिल्ला सदरमुकाम जानुभन्दा काठमाडौं आउन नजिक हुन्छ । प्रमाणपत्र लिनकै लागि दिनभर धाएर सदरमुकाम जानुपर्छ । त्यही पनि चिकित्सक नभेटिनेलगायत अनेक समस्या हुन्छ । भेटेरिनरी चिकित्सकको सिफारिस लिएर मात्र पशुचौपाया ढुवानी गर्ने नियम बसालेपछि चिकित्सक पनि सहज ढंगले उपलब्ध गराउनु पर्‍यो नि । चिकित्सकको प्रमाणपत्र लिन नसक्ने अवस्था सिर्जना आफू गर्ने अनि किसानलाई मात्र एकोहोरो नियम पालना गर भनेर हुन्छ ? त्यस्तै बिक्री गर्न लागिएका पशु अनलाइन इन्ट्री गर्नुपर्ने अर्को हास्यास्पद प्रावधान पनि राखिएको छ । अब चार वटा खसी पालेको किसानले कहाँ अनलाइन खोज्न जाने ?

### ढुवानी साधनको समस्याचाहिँ कत्तिको झेल्नु भएको छ ?

यातायातको साधन पनि सहज उपलब्ध हुँदैन । २/४ वटा खसीलाई ट्रक/गाडी रिजर्भ गरेर ढुवानी गर्न सकिँदैन । सानोमा ल्याउन समस्या छ ।

### भनेपछि किसानको पहुँचमा काठमाडौंका बजार छैन ?

हो, काठमाडौंको बजार किसानको पहुँचमा छैन । जसले ट्रक ल्याउन सक्छ, अनलाइन गर्न सक्छ उसको मात्र हाइहाइ छ । अरूलाई त दुःख दिने काम मात्र हुन्छ । गाउँमा पालेका दुईवटा खसी काठमाडौंको बजारमा लगेर बेच्छु भनेर कसैले सोच्छ भने त्यसो गर्न अहिले असम्भव छ । महाभारत छ ।

### स्वदेशी उत्पादनले नधानेर ट्रकमार्फत ल्याइएको होला नि त ?

स्वदेशी उत्पादनले नधानेको अवस्थामा आयात गर्नु स्वभाविक हो । मैले अर्को मुलुकबाट आयात गरिने सन्दर्भमा नभएर नेपालकै पनि पूर्व, पश्चिम क्षेत्रबाट हुने ढुवानीमा अपनाइएको दोहोरो मापदण्डको कुरा गरेको हुँ । स्वदेशभित्रै पनि पशु ढुवानीमा दोहोरो मापदण्ड अपनाइएको छ भन्ने मेरो आशय हो ।

### तपाईंहरूले सरोकारवालालाई निरन्तर झक्झकाइरहनु भएको छ । अब सुधार होला कि ?

यो त सम्झिने पानी छम्किने । किसानमैत्री नियम बनाउनुको साटो झन् झन् जटिल बनाउँदै लगिएको छ । मैले माथि नै भनें नि अनलाइन दर्ताको कुरा । हामी सबैलाई थाहा छ, नेपालमा अनलाइन साक्षरता दर कम छ । किसान त अझै थोरै छन् । तर यसतर्फ अध्ययन विश्लेषण नगरी हचुवाको भरमा अनलाइन दर्ताजस्ता क्लिष्ट नियम हावादारी घुसाइएको छ । यस्ता नियमले किसानलाई कमजोर, बिचौलियालाई बलियो पार्छ ।

### पशुचौपाया ढुवानीमा अहिले देखिएका समस्या समाधान गर्न के गर्नुपर्ला त ?

यदि राज्य किसानमैत्री हुने हो भने अहिले राखिएका असंगत प्रावधानहरू हटाउनुपर्छ । यस्तो प्रणाली कायम रहेसम्म किसानको हित हुन सक्दैन ।

### यो त राज्यको कुरा भयो । तपाईंहरूले चाहिँ बजार व्यवस्थित गर्न के गरिरहनु भएको छ ?

हामी त निरन्तर बेथितिविरुद्ध आवाज उठाइरहेका छौं । बजारलाई व्यवस्थित गर्न के गर्दा उपयुक्त हुन्छ भनेर सुझाइरहेका छौं । तर यहाँ हामीले बोलेको कुरा कसले सुन्ने ? अब त गुनासो गर्न पनि मन लाग्न छाड्यो ।



# पशु चिकित्सक-अधिकारकर्मी र व्यवसायीको दशैं: कसले कसरी मनाउँदैछन् ?

**हिन्दू धर्मालम्बीको सबैभन्दा ठूलो चाड हो, दशैं। यसलाई हर्षोल्लासपूर्वक मनाउने परम्परा छ। तर कोभिड–१९ महामारीका कारण गत वर्ष धक फुकाएर दशैं मान्न सकिएन। यस वर्ष पनि अवस्था उस्तै छ। जनस्वास्थ्यविद्हरूले कोरोनाको जोखिम उत्तिकै रहेकाले स्वास्थ्य मापदण्ड अपनाएर मनाउन सुझाइरहेका छन्। हामीले पशुपन्छी चिकित्सक, पशु अधिकारकर्मी र यससँग सम्बन्धित संघ–संस्थाका प्रतिनिधिलाई तपाईंको दशैं योजना के छ भनेर सोधेका छौं :–**



## पारिवारिक भ्रमण गर्ने मन छ

**भूपेन्द्र गौतम**
अध्यक्ष, एनभीसीडीए

विगत वर्षहरूका दशैंमा विदेश घुमेर रमाइलो गरिन्थ्यो। तर गत वर्षदेखि यो सिलसिला टुटेको छ। कोरोना भाइरस महामारी केही घटेजस्तो भए पनि जोखिम अझै छ। त्यसैले विदेश भ्रमण गर्ने चाहना हुँदाहुँदै पनि यस वर्ष जाने अवस्था छैन।

मेरो पुर्ख्यौली थलो काभ्रेपलाञ्चोक हो। त्यहाँबाट निजगढ झर्‍यौं। अहिले बसोबास काठमाडौंमा छ। बुवाआमा वृद्ध हुनु भएकाले उहाँहरूको रेखदेखमा पनि समय दिनुपर्ने हुन्छ। एकातिर कोरोना र अर्कातिर पारिवारिक कर्तव्य निर्वाह गर्नुपर्ने भएकाले दशैंमा स्वदेशी पर्यटन प्रवर्द्धन हुने गरी वरिपरि पारिवारिक भ्रमण गर्ने योजना छ।

## यो वर्ष दशैं मनाउँदैनौं



**शीतलकाजी श्रेष्ठ**
अध्यक्ष, एनभीए

मेरी आमा बितुभएको एक वर्ष पनि भएको छैन। त्यसैले यो साल हामी दशैंसँगै कुनै पनि पर्वमा रमाइलो गर्दैनौं। दशैं आफन्त र परिवारका सदस्यसँग बसेर रमाइलो गर्ने पर्व हो। दशैमा रमाइलो नगरे पनि पारिवारिक भेटघाट गर्ने योजना छ।

दशैंमा पशुपन्छीको ढुवानी अलि बढी हुन्छ। यसको ढुवानीलाई लिएर अनेक प्रश्न उठ्ने गरेका छन्। दशैंमा हुने ट्रान्सपोर्टेसनलाई नजिकबाट नियाल्ने र सल्लाह सुझाव दिने काम पनि गर्छु।

## पशुसँग रमाइलो गर्छु



**स्नेहा श्रेष्ठ**
सञ्चालक, स्नेहाज केयर

परिवार आफन्तसँग खुसी साटेर हामी दशैं मनाउँछौं। तर यसरी परिवारसँग दशैं मनाउनेले नै पशुचौपायका छोराछोरी मारिरहेका हुन्छन्। आफ्नो छोराछोरी, परिवारसँग खुसी साट्न उनीहरूले किन पशुचौपायको छोराछोरी मारिरहेका छन् ? जब दशैं आउँछ, यो सम्झिएर मलाई निकै विरक्त लाग्छ।

अझै उदेक लाग्दो कुरा त, देउता पुज्ने मन्दिरमा देखिन्छ। त्यहाँ, बालबालिका, महिला गएका हुन्छन्। तर त्यहाँ यसरी पशुपन्छी बलि दिइन्छ कि त्यो मन्दिर नभएर बधशाला प्रतीत हुन्छ।

दशैंमा मासु नै खानुपर्छ भन्ने मानसिकता नेपालीको छ। यो गलत हो। दशैं मासु सेवन गरेरै मनाउनु पर्छ भनेर कहीं कतै लेखिएजस्तो मलाई लाग्दैन। त्यसैले म तपाईंमार्फत अरूको अस्तित्व स्वीकारेर दशैं मनाउन आग्रह गर्न चाहन्छु।

अरूले दशैं पशुपन्छी प्राण लिएर मनाउँछन्, हामी तिनलाई माया गरेर मनाउँछौं।

हाम्रो सेल्टरमा अहिले १७० कुकुर, ३५ गाईगोरु, ७ सुँगुर, ४ खसी र दुईवटा भैंसी छन्। यी सबै सडक, ढुवानी गरिएको अवस्थामा उद्धार गरिएकाहरू हुन्। तिनलाई नियमित घाँसपानीको प्रबन्ध गर्नुपर्छ। त्यसैले अरूलाई जस्तो दशैंमा बिदा बस्ने छुट हामीलाई छैन। ७५ प्रतिशत साथीलाई छुट्टी भए पनि हामी २५ प्रतिशत स्टाफले यिनै पशुचौपायको व्यवस्थापन गरेर दशैं मनाउनेछौं।

# बिनामासुको दशैं मनाउँछु



**डा. श्रीराम अधिकारी**
अध्यक्ष, भिपान

दशैं खानपान, हाँसखेल रमाइलो गरेर मनाउने पर्व हो । दशैंमा खासगरी मासु खाने परम्परा छ । तर म भेजिटेरियन हुँ । मासु चल्दैन । ४७ वर्षदेखि मासुबिनाको दशैं मनाउँदै आएको छु । मासु नखानुको पछाडि कुनै अध्यात्मिक कारण छैन । सानैदेखि अरुचि रहेकाले नखाएको हुँ ।

देश कोरोना भाइरस महामारीको चपेटामा छ । संक्रमण केही ओरालो त लागेको छ तर जोखिम घटेको छैन । यथावत् छ । घुमफिर गर्ने, डुल्ने, भेटघाट गर्ने अवस्था छैन । धर्म-कर्ममा आस्था छ । देवीदेवताको पूजाआजा गरेर दशैं मनाउँछु ।

# ससुराली जाने योजना छ



**रवीन पुरी**
अध्यक्ष, नेपाल दाना उद्योग संघ

भेटघाट, घुमघाम गरेर विगत वर्षहरूमा दशैं मनाइन्थ्यो । कोभिड-१९ महामारीका कारण गत वर्षदेखि धोको फेरेर चाडपर्व मनाउन पाइएको छैन ।

अहिले पनि निषेधाज्ञा जारी छ । सभा सम्मेलनमा रोक लागेको अवस्था छ । भीडभाड नगर्न भनिएको छ । त्यसैले चाहँदा चाहँदै पनि महामारीलाई मध्यनजर गरेर घुमघाम गर्ने योजना बनाएको छैन । दशैंमा ससुरालीलगायत ठाउँमा मान्यजनका लागि टीका थाप्न जाने गर्छु । तर, गत वर्ष कोभिड-१९ का कारण जान सम्भव भएन । यस वर्ष कोरोना महामारी केही सहजजस्तो भएको छ । सुरक्षा मापदण्ड अपनाएर पोखरास्थित ससुराली जाने योजनामा छु ।

नजिकिँदै गरेको बडा दशैं २०७८ को अवसरमा म सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी तथा पोल्ट्री व्यवसायीलाई मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

# बलि प्रथाविरुद्ध जनचेतना जगाउँदैछौं



**जनकबहादुर रावल**
अध्यक्ष, नेल्टा

दशैं पारिवारिक रूपमा रमाइलो गरेर मनाइने पर्व हो । तर मेरो हकमा अलि भिन्न छ । नेल्टासँग सांगठनिक आबद्धता रहेकाले संस्थागत रूपमा दशैं मनाउँदै आइरहेको छु । यस वर्षपनि उसैगरी मनाउने प्लान छ ।

दशैंमा पशुमाथि अमानवीय व्यवहार हुन्छ । निर्दयी ढंगले बलि दिइन्छ । यो कुसंस्कार हो । यसको अन्त्य हुन जरुरी छ । यसैलाई मध्यनजर गरेर नेल्टाले विगत वर्षदेखि नै कार्यक्रम गर्दै आएको छ । सदाभैं यस वर्ष पनि बलि प्रथाबारे जनचेतनामूलक कार्यक्रम गर्दैछौं ।

मेरो पुर्ख्यौली थलो बाजुरा हो । परिवार उतै रहनु भएकाले दशैं सम्भव भएसम्म उतै मनाउँछु । यस वर्ष पनि उतै जाने योजना छ । दशैं रामरमितालगायत फजुल कार्यमा व्यतीत गरेर होइन कि उपलब्धिमूलक कार्य गरेर मनाउनुपर्छ जस्तो मलाई लाग्छ ।

# दिवंगतका आफन्तलाई सान्त्वना दिने मन छ



**दिनेशराज मिश्र**
अध्यक्ष
नेपाल पशुपन्छी औषधि पैठारीकर्ता संघ

बसाइ काठमाडौंमा भए पनि दशैं पुर्खौली घर हेटौंडामा मनाउँदै आइरहेका छौं । यस वर्ष पनि दशैंमा उतै जाने विचार छ ।

दुई वर्षदेखि हामी लगातार कोरोनाको चपेटामा छौं । यही कारण गत वर्ष धीत मर्नेगरी दशैं मान्न पाइएन । यस वर्ष अवस्थामा केही सुधार त आएको छ तर पूर्ववत् अवस्थामा अझै फर्किसकेका छैनौं । सचेत र सतर्कताको उत्तिकै आवश्यकता छ । त्यसैले दशैंको ठोस योजना बनाएको छैन । सामान्य तरिकाले गाउँमा परिवारसँग बसेर मनाउने सोच छ ।

कोभिडका कारण चिनजानका धेरै दिवंगत हुनुभएको छ । कार्य व्यस्तताले दिवंगत व्यक्तिका परिवारलाई भेटेर सान्त्वना दिन सकिरहेको छैन । दशैंको छेकोमा यो काम गर्ने मन छ ।

# यो वर्ष मेरो दशैं छैन

**खगेश्वर शर्मा**
सञ्चालक, हार्ट नेपाल




पशुपन्छीको क्षेत्रमा काम गर्ने अन्य संघ-संस्थाहरूलाई दशैंमा पनि फुर्सद हुँदैन । खुला हुन्छ । तर हामी दशैंमा काम गर्दैनौं । सबैलाई छुट्टी दिन्छौं । त्यसैले हाम्रा लागि दशैं पर्व रिफ्रेस हुने बहुप्रतिक्षित होलिडे हो ।

विगत वर्षमा प्लान बनाएरै दशैं मनाइन्थ्यो । घुमफिर र आफन्त भेटघाट प्राथमिकतामा पर्थे । तर यस वर्ष मेरो आमा बित्नु भएकाले दशैं छैन । दशै नभए पनि पोखरास्थित घरमा बसेर यो समयको सदुपयोग गर्ने विचार छ ।



बिजया दशमी,
तिहार र छठ पर्व
को हार्दिक
मंगलमय
शुभकामना...
Happy Dashain
शुभ दशैं
MEDLINK INTERNATIONAL
Satdobato Chowk, Lalitpur
Contact No.: 021-530606, 9851054365
MEDLINK INTERNATIONAL NEPAL

शुभ दशैं को
मङ्गलमय
शुभकामना
AGILIS
AGIBOOST™ BOLUS plus
Improves Appetite
Ensure Better Digestion
Combination of
Prebiotic & Probiotics
With Rumen Stable Enzyme Complex*
(* Alpha Amylase,Protease, Lipase, Pectinase,
Cellulase,Hemicellulase, Xylanase)
Avenue Vet Center
Marketing solution for veterinary medicines
Jwagal, Kupondole, Lalitpur-10, Nepal
Tel : +977-1-5534032
E-mail: vetavenue1974@gmail.com





HB-101
सबै प्रकारका बोट बिरुवा, बाली तथा
फलफूललाई पूर्ण रुप दिनको लागि
HB101 प्रयोग गरी ढुक्क हुनुहोस ।
HB101 को विशेषताहरु
१. मानव जाति, जिवजन्तु र माटोको लागी हानिरहीत ।
२. फूल, पात र फलहरुलाई चम्कीलो र आकर्षक बनाउँछ ।
३. बोट बिरुवाको लागि हानिकारक किरा र दुसिबाट बचाउँछ ।
४. ताजा र स्वादिलो फल, तरकारी र अन्न उब्जाउँछ ।
५. ३० प्रतिशत भन्दा बढि उत्पादन बढाउँछ ।
६. हुरी बतासबाट रक्षा गर्छ ।
७. बालि भित्र्याइसकेपछि लामो समय सम्म ताजा राख्न मद्दत गर्छ ।
८. तुसारो बाट रक्षा गर्छ ।
९. माटोलाई मलिलो गर्छ ।
१०. बोट बिरुवालाई चाँडै बढ्न मद्दत गर्नका साथै मजबुत बनाउँछ ।
११. सबैकुराको तुलना गर्दा खर्च घटाई आम्दानी बढाउँछ ।
HB101 प्रयोग गर्ने तरिका:-
१. HB101 लाई १ हजार देखि १ लाख भाग पानीमा मिसाई १ देखि ३ पटक सम्म बाली काट्ने र नयाँ बाली लगाउने बेलामा माटोमा छर्ने ।
२. बिउलाई HB101 १ हजार भाग पानीमा मिसाई १२ घण्टा डुबाउने (तरकारी भए ३ घण्टा र बोटीको लागि केहि समय मात्र)
३. HB101 लाई १००० भाग पानीमा मिलाई बिउ उब्जाउनु अघि र उब्जाईसके पछि माटोमा छर्ने ।
४. HB101 लाई १००० भाग पानीमा मिलाई बिउ रोप्ने बेलामा तीन पटक छर्ने ।
५. पानी खेतीको लागि यसलाई १ लाख भाग पानीमा मिसाई प्रयोग गर्ने ।
HB101 बजारमा
100CC, 500CC 1L, 5L, 10L, 20L
मा उपलब्ध छन् ।
MAKE ALL THE PLANTS SUPER ENERGETIC!!
HB-101
त्रिकोण स्वास्थ्य फाउण्डेशन (प्रा.) लि.
बानेश्वर, काठमाडौं, पो.ब.नं.: ११४३७
फोन नं. ४४७८२८६
इमेल : drthapa@email.com



विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भोला खड्का
(अध्यक्ष)
पिपुल्स एग्रीकल्चर एण्ड रिसर्च सेन्टर प्रा.लि.
भक्तपुर, फोन ९८५१०८१३२०




विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संगम भेटेरिनरी कन्सर्न
गोलमढी, भक्तपुर

विजया दशमी, दीपावली
एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बाबा लामा
सञ्चालक
बुद्ध पेट शप
बुद्धनगर, काठमाडौं, मो.नं. ९८५१०४०८८३




विजया दशमी, दीपावली
एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डा. राम गोपाल कायष्ठ
पासा भेटेरिनरी क्लिनिक
भक्तपुर, फोन: ०१-६६११०५६




विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सि.पी. शर्मा
अध्यक्ष
OSTRICH
अष्ट्रिच नेपाल प्रा.लि.
गंगोलिय, रुपन्देही




विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शम्भु प्रसाद गुप्ता (प्राविधिक)
मो.नं. ९८५५०६७५२६
हेडम्बा भेट फर्मा
हेटौडा, मकवानपुर




विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मुना भेट फर्मा एण्ड क्लिनिक
फोन नं. ५५२४९४२,५५२२९८६
भेटेरीनरी डाइगोनोष्टीक सेन्टर
उपलव्ध सेवाहरू :
• X-Ray
• भिडियो X-Ray (U.S.G.)
• गोवर जाँच
• बिरामी जाँच
• Pet Clinic
• रगत जाँच
• कुखुरा जाँच (Poultry Clinic)
• अप्रेसन
प्राविधिक सल्लाह तथा फर्म भिजिट




विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ASIAN
In Quest of Excellence
Asian Pharmaceuticals Pvt. Ltd.
Animal Care Division
Manufacturing and Corporate Office
Omsatiya- I, Rupandehi, Nepal, Tel: +977-71-429-152, 621-558
Fax: +977-071-429-252, Email: factory@asianpharmaceuticals.com
Marketing Office
GPO Box No 4444, Kamal Pokhari, Kathmandu, Nepal
Tel: +977-1-442 -3711, 442-1650, 441-6337 Fax: +977-1-441-5050
Email: makreting@asianpharmaceuticals.com


विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
VETWAY INTERNATIONAL
Vetway International
ani healthcare Pvt. Ltd.
generating synergies
AYUGEN
PHARMA PVT. LTD.
ZEUS
BIOTECH
GENESIS
BIOSCIENCES
biozene

# पशुपन्छी र कृषि क्षेत्रमा खासै उत्साह छैन



**रामप्रसाद मेहता**
अध्यक्ष
नेपाल पाराभेटेरीनरी एण्ड लाइभष्टक एसोसिएशन

कोरोना भाइरसले गर्दा विश्व नै प्रभावित भएको अवस्थामा हाम्रो देश पनि सुरक्षित रहन सकेन । सिमित स्रोत साधन र अपर्याप्त तयारीले धेरै संकट झेल्न परिरहेको छ । धेरै नेपालीहरूले ज्यान गुमाएका छन् भने भेटेरिनरी क्षेत्रका प्राविधिकहरूको समेत ज्यान लिएको छ । साथै संक्रमणको समग्र अवस्था ज्यादै नै रहेको छ । यसबीचमा नेपालीहरूको महत्वपूर्ण चाडपर्वहरू विजयादशमी, शुभदीपावली, छठ नजिक आउनै लागेको छ । यस वर्षको चाडपर्वमा कोरोना भाइरसबाट सुरक्षित रहन तोकिएका स्वास्थ्य सावधानी उपायहरू अपनाउँदै आफनो घर परिवारभित्र मनाउने सोचमा छु । कोरोना भाइरसमा मानिसको स्वास्थ्यमा मात्रै हैन, आर्थिक अवस्थामा समेत असर परेको सन्दर्भमा तडकभडक नगरी सामान्य तरिकाले चाडपर्व मनाउने सोचमा छु । अरूलाई समेत स्वास्थ्य सावधानी अपनाइ मनाउन आग्रह पनि गर्दछु । साथै विजयादशमी, शुभदीपावलीलगायत पर्वको अवसरमा सबैमा शुभकामना समेत दिन चाहन्छु ।

महिनौंको निषेधाज्ञा (लकडाउन) ले कृषकहरूबाट उत्पादित कृषि र पशुपन्छीजन्य पदार्थको बिक्री वितरण गर्ने सहज अवस्था बन्न सकेन । जसले गर्दा आर्थिक रूपमा समेत कृषकहरु मारमा परेका छन् । सरकारले यस्ता प्रभावितहरूलाई सहयोग गर्न ठोस रूपमा पुनर्स्थपनासहितको कार्यक्रम ल्याउन सक्नुपर्दथ्यो । तर अहिलेसम्म पनि त्यसतर्फ ध्यान पुगेको छैन । केही ल्याइएका कार्यक्रमहरूको कार्यान्वयन पनि ज्यादै फितलो छ । लक्षित वर्गका लागि काग पाक्यो हर्ष न विस्मात् भनेजस्तो छ । त्यस्तै अवस्था कृषकले पालेका पशुपन्छीको सेवामा अहोरात्र खटिने जनशक्तिहरूको पनि छ । भेटेरिनरी सेवालाई आवश्यक सेवाभित्र राखे पनि हालसम्म कोरोना भाइरसविरुद्धको खोप लगाउन पाएका छैनन् । दर्जनौं प्राविधिकहरूले कोभिडका कारण ज्यान गुमाएका छन् भने हजारौं संक्रमणको चपेटामा रहेको विवरण छ । त्यसैले प्राविधिकहरूलाई कोभिड १९ विरुद्धको खोप अनिवार्य लगाउने व्यवस्था मिलाउन, मृतक परिवारलाई क्षतिपूर्ति सहितको राहत र संक्रमितलाई उपचार खर्चको जोहो सरकारले तत्काल गर्नुपर्छ । यो विषय हामी निरन्तर उठाउँदै आइरहेका छौं । साथै सबै कृषक, उद्यमी, व्यवसायी र प्राविधिक मित्रहरूले सुरक्षित र स्वास्थ्य सावधानी अपनाई चाडपर्व मानउन समेत आग्रह गर्दछु ।

सरकार हामी सबैको अभिभावक हो भन्ने प्रत्याभूति महसुस हुने किसिमको कार्यक्रमहरू ल्याउनु पर्दथ्यो । अझ कृषि र पशु सेवा क्षेत्रमा दुई तिहाइ जनता संलग्न रहेको वर्तमान अवस्थामा कृषि र पशु सेवाका ठोस कार्यक्रमबेगर देशले आर्थिक समृद्धि प्राप्त गर्छजस्तो लाग्दैन । त्यसले गर्दा कृषकमैत्री बजेट आउन सक्नुपर्दथ्यो जुन आएन । सरकारले भाषणमा कृषि क्षेत्रको प्राथमिकताको कुरा गरे पनि व्यवहारमा कहिले प्राथमिकतामा परेको छैन । विदेशबाट खर्बौंको कृषि र पशुजन्य पदार्थहरू आयात गर्न तयार हुने सरकारले आफ्नै उत्पादनमा आत्मनिर्भर हुने नाराको रटान लगाए पनि प्रष्ट सोच र योजना बनाएको देखिँदैन । उदारहणका लागि कृषकहरूको बाली र पशुधनको सुरक्षाका लागि बीमा प्रिमियममा दिइँदै आएको ७५ प्रतिशत अनुदानलाई कटौती गरी ५० प्रतिशतमा झार्ने काम भयो । अहिलेको सरकारले बजेट संशोधनमार्फत ८० प्रतिशत बीमा प्रिमियम अनुदान दिने भनिएको छ । यो कार्यान्वयन भयो भने सकारात्मक हुनेछ । यस्ता धेरै विषयहरु छन् जसले कृषकहरुलाई समेट्नु पर्दथ्यो ।

हाम्रो देशमा कृषि र पशुजन्य पदार्थको उत्पादनको अवस्था के छ र उपभोक्ताले कसरी आवश्यक वस्तुको उपभोग गर्छ भन्ने विषयमा समान्य अध्ययन गर्दा समेत देशको अहिलेको अवस्था थाहा हुन्छ । सरकारको नै तथ्यांक हेर्ने हो भने वार्षिक रूपमा अर्बौंको कृषिजन्य पदार्थहरू आयात हुने गरेको छ । केही वस्तुहरु आयात गर्न रोक लगाएकोबाहेक व्यापक रूपमा आयात भई नै रहेको छ । त्यसैले तथ्यांकले एउटा देखाउँछ तर सरकारले लुकाउने र अर्कै देखाउन खोज्छ । आत्मनिर्भर भएको घोषणा त चर्चामा आउने विषय न हो ?

कृषि तथा पशु सेवा क्षेत्रको समृद्धिले नै देशको कायपलट गर्ने हो । यसबाहेक अर्को विकल्प पनि छैन । रेमिट्यान्सको भरमा सधैं देश चलाउने सोच परिवर्तन गर्न आवश्यक छ । त्यसैले कृषि क्षेत्रमा संलग्न वास्तविक कृषकलक्षित कार्यक्रमहरू ल्याउन र सोको ठोस कार्यान्वयन अति जरुरी छ । विचौलियको व्यवस्थापन र उचित मूल्य निर्धारण गरी उत्पादनकर्तालाई आम्दानी र उपभोक्तालाई सहज उपलब्धता र उचित मूल्यमा उपभोग गर्ने वातावरण सरकारले निर्माण गर्नु पर्दछ । त्यसैले प्रविधि, प्राविधिक र सरकारी स्रोत कृषकहरूको पहुँचमा पुग्ने किसिमले काम गर्न आवश्यक छ । दुर्गा भवानीले सबैको कल्याण गरुन्, मेरो शुभकामना छ ।




विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रञ्जन पुरी
निर्देशक
पञ्चकन्या पोल्ट्री ब्रिडिङ फर्म
धार्के, धादिङ फोन: ९८५१००३०६०


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ई. विजयभक्त मानन्धर
सञ्चालक
क्वालिटी फिड एण्ड स्टोरेज प्रा. लि.
क्वालिटी ह्याचरी प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौं
सम्पर्क नं. ०१-४३५०३३४, ४३८४७३८, ४३५०९६१


विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Gosaikunda
Pellet Feed Chitwan-Parsa
बिनोद के.सी
संचालक
गोसाईकुण्ड पेलेट फिड ईण्डष्ट्रिज प्रा. लि.
खैरहनी-४, चितवन
सम्पर्क कार्यालय बुढानिलकण्ठ-७, हात्तीगौडा, काठमाडौं
फोन नं. ०१-४३७२७४३


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बसन्त बुढाथोकी
सञ्चालक
BUDHATHOKI COLD STORAGE
ICE PLANT & FROZEN PLANT
Lamthumki, Sitapaila -1, Kathmandu, Nepal
Tel:+977-1-4277435, +977-1-4278645, Fax: +977-1-4282384
Email: info@budhathokics.com


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजन पन्त
सम्पर्क नं. ९८४५०२३११६
Leevet Animal Health
Biochem


Poultry Mart
New Generation of Poultry Farming
कुखुरा
भुत्लाउने
मेशिन
Poultry Mart Pvt.Ltd
HEAD OFFICE, SURYABINAYAK
9801063221
9801063216
9801063214
BRANCH OFFICE
Banepa 9841432312
Kharipati 9843577414
Duwakot 9801063218
Gothatar 9869024228
Bode, Thimi 9851109094
Mulpani Pipalbot 9841539597
Mulpani Chour 9801063223
Lubhu 9851007078
Charikot 9844300562
सुर्य विनायक, भक्तपुर

VET TIMES MONTHLY

# किसान र कृषि क्षेत्रको उत्थान निम्ति सक्रिय छौं

## राम्रोसँग काम गरे अनुदान आफैं किसानसमक्ष आइपुग्छ




**डा. गौरीमान श्रेष्ठ**
प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर

**पशु सेवा विज्ञ केन्द्र, ललितपुरको कार्यक्षेत्र र कार्ययोजना बारे जानकारी गराइदिनुहोस् न ?**

-भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरको कार्यक्षेत्र काठमाडौं उपत्यकाका ३ जिल्ला काठमाडौं, ललितपुर र भक्तपुर हो । यस विज्ञ केन्द्रको मुख्य कार्यभार काठमाडौं उपत्यका भित्रका प्रदेशस्तरीय पशु सेवा कार्यक्रमहरू प्रभावकारी रूपले सञ्चालन गर्नु हो । जसअन्तर्गत काठमाडौं उपत्यकाको तीनै जिल्लामा पशुपालक कृषकहरूको जीवनस्तर उकास्नु, पशुजन्य उत्पादन बढाउन विभिन्न तरहले कृषकलाई सहयोग गर्नु, पशुपन्छीहरूमा संक्रामक रोग फैलिएमा संघीय कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी नियन्त्रण गर्नु हो । प्रदेशस्तरका पशु सेवाका कार्यक्रमहरू स्थानीय तहसँग समन्वय गरी सञ्चालन गरिरहेका छौं ।

**गत वर्ष यो कार्यालयले विभिन्न योजना अघि सारेको थियो । त्यसको कार्यान्वयन अवस्था के छ ? चालु आर्थिक वर्षमा के के गर्दै हुनुहुन्छ ?**

-गत वर्ष यो कार्यालयले उल्लेखनीय कार्यसम्पादन गरेको छ । ललितपुर जिल्लाका १० डेरी पसलका लागि ५/५ लाखका दरले अनुदान रकम उपलब्ध गराइएको थियो । त्यसमा डेरी पसल सञ्चालकले ५ लाख लगानी गरेर यसको स्तरोन्नतिका लागि उपकरण खरिदको काम भएको छ । यसबाट डेरी व्यवसाय सुधारमा ईंटा थपिएको छ । त्यसैगरी भक्तपुरमा ५० प्रतिशत लागत साझेदारीमा ह्याचरी मेसिन स्थापना गरीएको छ । ग्रामीण कुखुराहरूको प्रवर्द्धन हेतु यो मेसिन स्थापना गरिएको हो ।

गत आर्थिक वर्षमा नै काठमाडौं उपत्यकाका तीनै जिल्लाका पशुपालक कृषकहरूको मागअनुसार पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रयोग हुने यन्त्र उपकरणहरू ५० प्रतिशत लागत साझेदारीमा वितरण गरिएको छ । काठमाडौंको टोखा नगरपालिका र भक्तपुरको मध्यपुर ठिमी नगरपालिकामा पशु बधस्थल सुधार कार्यक्रम भएका छन् । भक्तपुरको सूर्यविनायक न.पा.मा ग्रामीण कुखुरा प्रवर्द्धनका लागि ह्याचरी स्थापनामा लागत साझेदारी जस्ता कृषकमुखी कार्यक्रम सञ्चालन भएका छन् । त्यसैगरी, पशु आहारा विकासका लागि घाँसको नर्सरी स्थापना, हिउँदे, वर्षे तथा बहुवर्षे घाँसका बीउ, बेर्नाहरू निःशुल्क रूपमा वितरण भएका छन् ।

यस वर्ष गाईभैंसी प्रवर्द्धन कार्यक्रम गर्दैछौं । साना कृषकलक्षित यो कार्यक्रमबाट ४० किसान लाभान्वित हुनेछन् । मझौला कृषकलक्षित गाईभैंसी प्रवर्द्धन कार्यक्रम पनि छ । यसबाट थप ८ किसानहरूले लाभ लिनेछन् । त्यसैगरी, बाख्रा, बंगुरपालक कृषकहरूलाई पनि जैविक सुरक्षासहितको खोर निर्माणमा सहभागी गराई २० जना कृषकहरू लाभान्वित हुनेछन् । यसको अतिरिक्त गाईभैंसी प्रवर्द्धन कार्यक्रम, बाख्रा मिनि कार्यक्रम, पशु आहारा विकास कार्यक्रम तथा पशुपन्छीमा फैलन सक्ने संक्रामक रोगहरूको नियन्त्रणका लागि खोप तथा सर्भिलेन्सजस्ता कार्यक्रम सञ्चालन गरिने छन् । मत्स्यपालनका लागि पोखरी निर्माणमा प्रति हेक्टर ५ लाख अनुदान सहयोग र पुराना पोखरी मर्मत सुधारजस्ता कार्यक्रम पनि सञ्चालन हुनेछन् ।

**किसानलक्षित अनुदान कार्यक्रमहरू पनि सञ्चालन गर्दै हुनुहुन्छ कि ?**

-यस वर्ष विशेषगरी साना तथा मझौला कृषकलक्षित गाईभैंसी प्रवर्द्धन कार्यक्रम, बाख्रा मिसन कार्यक्रम, जैविक सुरक्षासहितको खोर निर्माणमा अनुदान, पशुपन्छी तथा मत्स्यपालनमा प्रयोग हुने उपकरणमा अनुदान सहयोग र पशुपन्छीहरूमा फैलन सक्ने संक्रामक रोगविरूद्ध खोप कार्यक्रम सञ्चालन हुनेछन् । मत्स्यपालन निम्ति पोखरी निर्माणमा प्रति हेक्टर ५ लाख अनुदान सहयोग र पुराना पोखरी मर्मत सुधारजस्ता कार्यक्रम पनि अघि बढाइनेछ ।

**सरकारले केही मासुजन्य पशुपन्छीमा आत्मनिर्भर घोषणा गरेको छ । तपाई कार्यरत जिल्ला र क्षेत्रमा यसको अवस्था कस्तो छ ?**

- काठमाडौं उपत्यका उत्पादनभन्दा उपभोग गर्ने क्षेत्रमा पर्छ । तथापि, शहरीकरणको बाबजुद पनि यहाँ थुप्रै गाईपालन व्यवसाय गरिएको छ । शहरीक्षेत्रमा गाईपालन व्यवसाय गर्नेको प्रवर्द्धन यस विज्ञ केन्द्रले गरिरहेको छ । काठमाडौं उपत्यका उत्पादनभन्दा पनि बजारीकरणको हिसाबले अग्रणी क्षेत्र हो । जसले उपत्यका बाहिर भएका उत्पादनलाई उपभोग गरी कृषकहरूको दूध, फूल, मासु उत्पादनको बजारीकरणमा अहं भूमिका निर्वाह गर्दछ । त्यसो त काठमाडौं उपत्यकामा उत्पादन नै नहुने होइन । ललितपुरको दक्षिणी भेगमा प्रचुर मात्रामा दूध उत्पादन भइरहेको छ । त्यहाँ उत्पादित दूध उपत्यकाको भान्छामा पाकिरहेको छ । समग्रमा ललितपुर जिल्लामा पशुजन्य उत्पादन उपभोगभन्दा उत्पादनको अवस्था सबल छ । काठमाडौं र भक्तपुरमा उपभोग बढी भएको पाइन्छ ।

**हाल नेपालको सबैजसो क्षेत्रमा कुखुरामा देखिएको रानीखेत रोगको प्रकोप कस्तो छ ? यसको नियन्त्रणतर्फ के गरिरहनु भएको छ ?**

-विगतमा विशेषगरी ग्रामीण भेगमा पालिएका कुखुरामा रानीखेतको प्रकोप देखिएको थियो । यसले कुखुरापालक कृषकलाई नोक्सानीमा पार्‍यो । तर अहिले यो संक्रामक रोग नियन्त्रणमा आएको छ । यस विज्ञ केन्द्रले संघीय कार्यालयको सहयोगमा प्राप्त रानीखेत खोपलाई स्थानीय तहको समन्वयमा गाँउगाँउमा पुर्‍याएर व्यवस्थापन गर्ने काम गर्‍यो ।

**छाडा पशु चौपाया र सामुदायिक कुकुरको व्यवस्थापन भएको देखिँदैन । तिनीहरूलाई नियन्त्रण र व्यवस्थापन गर्न यस कार्यालयले कुन–कुन निकायसँग के कस्तो समन्वय गरिरहेको छ ?**

-भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर भनेको प्रदेशस्तरीय कार्यालय हो । यस कार्यालयको प्रमुख जिम्मेवारी भनेको प्रदेशस्तरीय पशु सेवा कार्यक्रमहरू संचालन गर्नु हो । जहाँसम्म छाडा पशु चौपाया र सामुदायिक कुकुर नियन्त्रणको सवाल छ, यसको व्यवस्थापन हाम्रो कार्यक्षेत्र भित्र पर्दैन । यो सम्बन्धित स्थानीय तहको काम हो । स्थानीय तहहरूले नै आ–आफ्ना क्षेत्रका छाडा पशु चौपाया र सामुदायिक कुकुरहरूको नियन्त्रण गर्नु पर्ने हुन्छ ।

**तैपनि, यसमा तपाईंहरूले विशेषज्ञ सेवालगायत उपलब्ध गराएर सहयोग त गरिदिन सक्नुहुन्छ नि होइन ?**

-अवश्य पनि । यस कार्यका लागि स्थानीय तहले विज्ञ केन्द्रसँग सहयोग लिएर पनि छाडा पशु चौपाया र सामुदायिक कुकुरहरूको नियन्त्रणमा कार्यक्रम सञ्चालन गर्न सक्छ । विगतमा छाडा पशु चौपाया र सामुदायिक कुकुर नियन्त्रणका लागि स्थानीय तहहरूसँग सहकार्य गरी कार्यक्रम यस विज्ञ केन्द्रले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिसकेको छ । छाडा पशुहरूको व्यवस्थापन गर्न पशु कल्याणकारी संस्थाहरूलाई प्रवर्द्धन गरिएको छ भने सामुदायिक कुकुर नियन्त्रण गर्न विभिन्न स्थानीय तह तथा पशु कल्याणकारी संघ संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरेको अवस्था छ ।

**तपाईं यस केन्द्रको कार्यालय प्रमुखको जिम्मेवारीमा हुनुहुन्छ । तपाईं पशु चिकित्सकसमेत भएको नाताले पशुपन्छीपालनमा कृषकहरूको उत्पादन बढाउन के कस्ता सल्लाह दिनुहुन्छ ?**

-हाल व्यावसायिक पशुपालन गर्नुपर्छ भन्ने चेतनाको विकास भएको पाइन्छ । तर पशुपालनको मूल आधार भनेको पशु आहारा हो भन्ने कुरा बुझाउन अझै जरूरी छ । काठमाडौं उपत्यकाभित्र भएका व्यावसायिक गाईपालन व्यवसाय यदि धरासायी भएका छन् भने पशु आहाराको कमीले गर्दा नै हो । घाँस खेतीलाई प्राथमिकतामा नराख्नु, घाँस खेती गर्ने जग्गा नहुनु, पराल र दानामा आधारित गाईपालन व्यवसाय फष्टाउन नसक्नुको मुख्य कारण भनेको उत्पादन लागत बढ्नु हो । साथै पशुको स्वास्थ्य पनि तन्दुरूस्त हुँदैन । यसका अलावा यदि घाँसमा आधारित पशुपालन गर्ने हो भने उत्पादन लागत घट्नुको साथै पशुको उत्पादन पनि बढ्ने र पशुको स्वास्थ्य पनि राम्रो हुन्छ । जसले गर्दा बढी फाइदाजनक हुन्छ भन्ने कुरा बुझाउन जरूरी देखिन्छ । त्यस्तै अर्को कृषकले ध्यान दिनुपर्ने महत्वपूर्ण पाटो भनेको जैविक सुरक्षा हो । जैविक सुरक्षामा खासै चासो दिएको पाइँदैन । जसले गर्दा विभिन्न संक्रामक रोगहरू जस्तै : गाईभैंसीहरूमा खोरेत, बाख्रामा पीपीआर, बंगुरमा स्वाइन फिभर, कुखुराहरूमा बर्ड फ्लु, रानीखेत जस्ता महामारी रोग फैलिएर कृषकको गोठ खोर रित्तिएका छन् । व्यावसायिक पशुपन्छीपालन गर्दा आफ्ना पशुपन्छीलाई महामारी संक्रामक रोगविरूद्ध खोप लगाएर मात्र सुरक्षित हुन्छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण पाटो हो ।

**अन्तिममा केही भन्न चाहनु हुन्छ कि ?**

-आजभोलि कृषकहरूमा अनुदान सहयोग लिने होडबाजी नै चलेको छ । निश्चित रूपमा सरकारले दिने अनुदान सहयोग कृषकहरूकै लागि हो । उत्पादनको लागि चाहे संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले राम्रोसँग काम गर्ने कृषकलाई अनुदान सहयोग उपलब्ध गराउनु पर्छ भन्ने विषयमा दुईमत छैन । तर कृषकहरूमा अनुदान सहयोग लिनका लागि विभिन्न तहबाट दबाब सिर्जना गरी वास्तविक कृषकलाई ओझेलमा पार्ने कोसिस पनि बेलाबखत भएको पाइन्छ । सम्पूर्ण कृषक महानुभावहरूलाई म इमान्दार भएर राम्रो काम गर्न आग्रह गर्न चाहन्छु । राम्रोसँग काम गर्ने हो भने अनुदान खोज्नै पर्दैन, त्यो आफैं कृषकलाई पछ्याएर आउँछ ।

विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु–स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



VET FOR YOUR PET
Chandol-4, Kathmandu, Ph: 01-4443505
Gapali-4, Bhaktapur, Ph: 01-6613244
Email: info.vetforyourpet@gmail.com | Facebook: www.facebook.com/vetforyourpet
Instagram: www.instagram.com/vetforyourpet



विजया दशमी, दीपावली
एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विश्वराज बानिया
सञ्चालक
किसान खेती सेवा पसल
हेटौंडा-३, कान्तिराजपथ


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पूर्ण बहादुर शाही
सञ्चालक
भिमेश्वर एग्रो एण्ड लाइभस्टक हब प्रा. लि.
महाराजगंज, चक्रपथ, मो.नं. ९८५११३८०७८, ९८०८०१५५२


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिपेन्द्र पौडेल
सञ्चालक
बनेपा फिड्स
बनेपा, काभ्रेपलाञ्चोक


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विकास तिमल्सिना
प्रोप्राइटर
काभ्रे भेटेरिनरी सेन्टर
बनेपा-१० काभ्रे, फोन ०११६६२४०७


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नारायण ढुंगाना
जितेन्द्र श्रेष्ठ
जे.एन. इन्टरनेशनल
बनेपा, काभ्रे


विजया दशमी, दीपावली
एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राम खत्री
सञ्चालक
शान्ति भैरव पोल्ट्री
भक्तपुर


विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शम्भु पौडेल
सार्थक भेट फर्मा
नगाउँ-१६, किर्तीपुर
मो. ९८५११८७८३६


विजया दशमी, दीपावली एवं
छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
एञ्जल फिड इन्डष्ट्रिज प्रा.लि.
बालाजु, औद्योगिक क्षेत्र, काठमाडौं


One step ahead in quality
विजया दशमी, दीपावली एवं छठ पर्व २०७८ को
पावन अवसरमा समस्त पशुपन्छीपालन व्यवसायमा संलग्न कृषक
एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति,
समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
तरूणराज वन्त
प्रबन्ध निर्देशक
भेटेरिनरी कन्सर्न प्रा. लि.
ज्ञानोदय मार्ग-१३, बाफल, काठमाडौं, फोन नं.: ०१-५३६१६३७, ९८५१०४६६२१
Email: veterinaryconcern@gmail.com
Sole Distributor...
DSM
BRIGHT SCIENCE. BRIGHTER LIVING.
NOREL
ANIMAL NUTRITION
VETSFARMA Ltd.
Caring for the Speechless since 1979
Dibaq
OPTIMA
LALLEMAND
Daavision
Dutch agricultural additives
Prashanti Formulations Ltd.

VET TIMES MONTHLY

# कसरी बनाउने बंगुरको सन्तुलित आहारा ?



डा. कमलेश्वर भाट

## दाना व्यवस्था : –

बंगुरपालनमा ६५-७५ प्रतिशत खर्च दानामा हुने भएकाले यसलाई व्यवस्थित तरिकाले खुवाउन पर्छ। दानाको किसिम र मात्रा बंगुरको उमेर, अवस्था र मौसममा भर पर्छ। बंगुरले घाँस पनि केही मात्रामा खाने भएकाले दैनिक ठीक मात्रामा दाना दिनुपर्छ। बंगुरलाई ब्यालेन्समा घाँस खुवाउन सक्ने हो भने दानामा हुने १०-१५ प्रतिशत खर्च कम हुन्छ।

बंगुरलाई घाँस किन पनि खुवाउनुपर्छ भने यसबाट आवश्यक पौष्टिक तत्वसमेत यसले पाउँछ। घाँसमा स्टाइलो, सुपर नेपियर, इपिलिपिल, किम्बु, मेन्दोला, जै, डेस्मोडियम कम्फे, ज्याइस्ट भेत्र, वर्षिम डेस्मोडियम, रातो क्लोभर, राई घाँस, बोडी, फरेज पिनट आदि बढी लाभदायक हुन्छ।

## स्थानीयस्तर मै सन्तुलित दाना बनाउने

सकेसम्म गाँउ-घरमा पाइने खाद्यान्नहरू प्रयोग गरेर दाना तयार गर्नु पर्छ। यसो गर्दा सस्तो कच्चा पदार्थबाट दाना तयार हुनजान्छ र उत्पादन लागत पनि कम हुन जान्छ।

गाँउ घरमा सजिलै पाउन सक्ने जस्तै : धान, मकै, गहुँ, फाफर, कोदो, जौ, ढुटो, चोकर, पिना, केराउ, भटमास र अन्य बजारबाट खरिद गर्न सकिने भिटामिन, खनिज पदार्थ, चुन - ढुंगाको धूलो दानामा प्रयोग गर्न सकिन्छ।

## बंगुरको सन्तुलित आहारा :–

- दाना राम्रोसँग पचाउन सक्ने खालको हुनुपर्छ।
- खस्रो, कडा र धेरै रेसादार भएको दाना पचाउन सक्दैन।
- भटमास,बदाम तोरीको पिना आदि भुटेर पिस्नु पर्छ।
- तोरीको पिना दानामा १०%–१५% भन्दा धेरै मिसाउनु हुँदैन। धेरै मात्रामा भएमा छेर्दछ।
- ३–२० के.जी.शारीरिक तौल भएका बंगुरलाई १८% प्रोटिन भएको दाना खुवाउनुपर्छ।
- २०-५० के.जी तौल भएका बंगुरलाई १६% प्रोटिन भएको दाना खुवाउनुपर्छ।
- ५० भन्दा माथि तौल भएका बंगुरलाई १४% प्रोटिन भएको दाना दिनुपर्छ।
- ३ हप्ताको उमेर पुग्दा माउको दूध उत्पादन घट्दै जान्छ र धेरै दाना खान्छ। सानै उमेरदेखि दाना खुवाउँदा शारीरिक वृद्धि दर राम्रो हुन्छ।
